का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ भदौ २०८१,
मंगलबार
27 August, 2024
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २२, अंक १९६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## समयमै जन्मदर्ता गरे ५ हजार पुरस्कार

**शिव विक/मध्यान्ह**
काठमाडौं, १० भदौ ।

समयमै जन्म दर्ता, मृत्यु दर्ता नगर्दा राज्यको तथ्यांक नै प्रभावित भइराखेको हुन्छ । यसकारण सरकारले समयमै घटना दर्ता गराउन नागरिकलाई आग्रह गरिरहेको हुन्छ ।

इलामको देउमाई नगरपालिकाले समयमै जन्मदर्ता र मृत्युदर्ता गराउनेलाई पाँच पुरस्कार दिएर तथ्याङ्क लिइरहेको छ । नागरिकलाई समयमै घटना दर्ता रगाउने बानी विकासका लागि समेत पुरस्कार दिएर प्रोत्साहनको नीति अख्तियार गरेको नगरपालिकाका अधिकारीहरू बताउँछन् ।

घटनादता अन्तर्गत ३५ दिनभित्र जन्मदर्ता र मृत्युदर्ता गराउनुपर्छ । यसका अलावा देउमाईले नगरपालिकाले 'सुत्केरी शिशु पोषण कार्यक्रम' चलाउँदै आएको छ । यो कार्यक्रम अन्तर्गत नगरपालिकाभित्र स्थायीरुपमा बसोबास गर्दै आएका सुत्केरीलाई आफ्नो शिशुको ३५ दिनभित्र जन्मदर्ता गराए पोषण भत्ताको नाममा पाँच हजार उपलब्ध गराउँदै आएको हो ।

> नागरिकलाई समयमै घटना दर्ता रगाउने बानी विकासका लागि इलामको देउमाई नगरपालिकाले समयमै जन्मदर्ता र मृत्युदर्ता गराउनेलाई पाँच पुरस्कार दिएर प्रोत्साहनको नीति अख्तियार गरेको हो ।

नगरपालिकाको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/०८१ मा नगरभित्रका दुई सय २७ सुत्केरीले देउमाई नगरपालिकाबाट ११ लाख ३५ हजार हजार पोषणभत्ता प्राप्त गरेका छन् ।

देउमाईले अघिल्लो आर्थिक वर्ष २०७९/८० मा नगरभित्र स्थायी रुपमा बसोबास गरेका तीन सय १२ सुत्केरीलाई १५ लाख ६० हजार पोषण भत्ता उपलब्ध गराएको थियो ।

देउमाई नगरपालिकाले कुनैपनि कारणले मृत्यु भएका नगरभित्रका नागरिकका परिवारलाई दाहसंस्कार खर्चवापत पाँच हजार सहयोग उपलब्ध गराउँदै आएको छ । यसका लागि पनि ३५ दिनभित्र घटना दर्ता गराउनुपर्छ । आर्थिक वर्ष २०८०/८१ मा देउमाईका दुई सय चार जना मृतकका परिवारले १० लाख २० हजार दाहसंस्कार खर्च प्राप्त गरेका थिए ।

घटना भएको ३५ दिनभित्र मृत्युदर्ता गराई नगरपालिकामा पेश गरेपछि दाहसंस्कार खर्च उपलब्ध गराउने व्यवस्था रहेको छ । अघिल्लो आर्थिक वर्ष २०७९/८० मा नगरभित्रका एक सय ९० मृतकका परिवारलाई नौ लाख ५० हजार दाहसंस्कार खर्च उपलब्ध गराएको थियो । जन्मनु, मृत्यु हुनु, विवाह हुनु, सम्बन्ध विच्छेद हुनु, बसाईसराई हुनुले >>> पृष्ठ २ मा

### द्वन्द्वकालीन मुद्दा

## कानून बन्दा ढुक्क प्रचण्ड

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १० भदौ ।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संघीय संसदबाट पारित भएसँगै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले यसलाई एउटा महत्वपूर्ण उपलब्धीको रुपमा व्याख्या गर्दै हिँडेका छन् ।

सोमबार पोखरामा पार्टीको गण्डकी प्रदेशस्तरीय परामर्श बैठकको समापन गर्दै अध्यक्ष प्रचण्डले सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन संशोधन भएपछि १२ बुँदे सहमति पूर्णतः कार्यान्वयन भएर देश नयाँ ठाउँमा जानेतर्फ उन्मुख भएको बताए ।

जनतामा जान र नयाँ विचारको विकासमा लाग्न पार्टीका नेता कार्यकर्तालाई निर्देशन दिँदै उनले टीआरसीको टुंगो लागेसँगै आफूहरुका लागि नयाँ ढंगले अगाडि बढ्न र पार्टी संगठन निर्माण र विचारको विकास गर्न सहज भएको बताए ।

'अबको कार्यभार पार्टी र विचारको विकास गर्ने गरी लाग्ने हो,' प्रचण्डले भनेका छन् ।

गत शनिवार नुवाकोट-काठमाडौं सम्पर्क समन्वय समितले गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले माओवादीको टाउकोमाथि भएको तरबार हटेको बताएका थिए । 'तपाई हाम्रो टाउकोमा तरबार झुण्ड्याएको जस्तो थियो, त्यो तरबार हट्यो, अब डराउनुपर्ने अवस्था छैन', प्रचण्डले भने ।

माओवादी सशस्त्र युद्ध सकिएको १८ वर्ष भइसक्दा पनि शान्ति प्रक्रियाको कामहरु अझै पूरा भएको छैन । तर, यससम्बन्धी (बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐनको संशोधन विधेयक ) विधेयक हालै प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित भएको छ ।

शान्ति सम्झौता भएको दुई दशकसम्म पनि यो ऐनको अभावमा

> संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संघीय संसदबाट पारित भएसँगै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले यसलाई एउटा महत्वपूर्ण उपलब्धिको रुपमा व्याख्या गर्दै आएका छन् । माओवादी सशस्त्र युद्धलाई राजनीतिक आन्दोलनको रुपमा स्वीकार गर्दै विधेयक अघि बढेको छ । यसकारण प्रचण्डले राहत महसुस गरेको हुन सक्ने सरोकारवालाहरू बताउँछन् ।



संक्रमणकालीन न्यायले पूर्णता नपाउँदा नेपालप्रति अन्तर्राष्ट्रिय चासो समेत निरन्तर रहँदै आएको छ । आन्तरिक रूपमा पनि तत्कालीन नेकपा माओवादी र सरकारी पक्षबाट भएका जघन्य अपराधका घटना पीडितले न्याय पाउन सकेका छैनन् । सर्वोच्च अदालतले कानुनी सुधारका लागि आदेश दिएको थियो । त्यसै अनुसार यो विधेयकले कानुनी रूप लिन लागेको हो ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाका अनुसार सर्वोच्च अदालतले विभिन्न कालखण्डमा उठाएको विषय र दिएको निर्देशनको पालनासहित विधेयकमा अन्तर्राष्ट्रिय समुदाय र मानव अधिकार आयोगले देखाउँदै आएको चासोसमेतलाई सम्बोधन गरिएको छ ।

तेस्रो संशोधन विधेयकले द्वन्द्वकालीन समयको यौनजन्य हिंसा र बलात्कारको घटना सम्बन्धमा प्रचलित कानुन अनुसार नै हुने व्यवस्था गरेको छ । मानव अधिकारको उल्लंघनका घटना र मानव अधिकारको गम्भीर उल्लंघनका घटनालाई अलग/अलग व्याख्या गरिएको छ ।

यो विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा परेका उजुरीहरु छानबिन अगाडि बढ्नेछ ।

यो प्रक्रिया अगाडि बढ्ने हुने निश्चित भएसँगै प्रचण्डले कार्यकर्तालाई आफूहरूलाई नयाँ ढंगले अगाडि बढ्ने वातावरण बनेको बताएका हुन् । माओवादीकै नेताहरू संक्रमणकालीन न्यायसम्बन्धी विधेयक आफूहरुले सोचे झैं अगाडि नबढेको बताउँछन् । तथापि, माओवादी सशस्त्र युद्धलाई >>> पृष्ठ २ मा

### थन्कियो ईपीजी

## भारतमाथि दबाब बढाउँदै नेपाल

ईपीजी प्रतिवेदन तयार भएको ६ वर्ष भइसक्दासमेत भारतीय पक्षले बुझ्न आनाकानी गर्दै आएको छ । यही बेला नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले भारतमाथि दबाब बढाउने नीतिअनुसार सार्वजनिक अभिव्यक्ति दिएका हुन् ।



> कुनै पनि देशले आफ्नो स्वार्थका लागि अरुको स्वाभिमानामा धक्का लगाउने काम गर्नु हुँदैन ।
>
> **केपी शर्मा ओली**
> प्रधानमन्त्री

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १० भदौ ।

प्रबुद्ध व्यक्तिहरुको समूह (ईपीजी)को प्रतिवेदन बुझ्न इन्कार गर्दै आएको भारतमाथि प्रधानमन्त्री केपी शर्मा ओलीले दबाब बढाउने नीति लिएका छन् ।

नेपाल र भारतका बीचमा रहेको सीमा समस्या समाधान गर्नु दुवै पक्षको जिम्मेवारी भएको र यसका लागि अगाडि बढ्न भारतीय पक्षले ईपीजीको प्रतिवेदन बुझ्नुपर्ने प्रधानमन्त्री ओलीको आग्रह छ ।

पूर्वउपप्रधानमन्त्री एवं पूर्वपरराष्ट्रमन्त्री कमल थापाद्वारा लिखित 'कूटनीति र भूराजनीति' पुस्तकको विमोचन गर्दै प्रधानमन्त्री ओलीले भारतीय पक्षलाई यस्तो आग्रह गरेका छन् ।

ईपीजीको साझा प्रतिवेदन बुझ्न भारतका प्रधानमन्त्री नरेन्द्र मोदी तयार नभइरहेका बेला प्रधानमन्त्री ओलीले सार्वजनिक रुपमै प्रतिवेदन बुझ्न आग्रह गरेका हुन् ।

'कुनै पनि देशले आफ्नो स्वार्थका लागि अरुको स्वाभिमानाका धक्का लगाउने काम गर्नु हुँदैन' ओलीले भनेका छन् ।

प्रबुद्ध व्यक्ति समुहले नेपाल र भारतबीच भएका सम्पूर्ण सन्धि, सम्झौता र सहमतिको अध्ययन-अनुसन्धान गरी पुनरावलोकनका लागि सुझावसहितको साझा प्रतिवेदन तयार पारेको थियो ।

सदस्यबीच प्रतिवेदन पहिला भारतीय प्रधानमन्त्रीलाई बुझाउने र त्यसपछि मात्र नेपालका प्रधानमन्त्रीलाई बुझाउने सहमति गरेकाले नेपालका प्रधानमन्त्रीले पनि बुझ्न पाएका छैनन् ।

नेपाल र भारतबीच भएका सम्पूर्ण सन्धि, सम्झौता र सहमतिको समीक्षा गरी त्यसलाई २१ औं शताब्दी सुहाउँदो बनाउन सुझाव पेस गर्न भन्दै सन् २०१६ मा ईपीजी गठन गरिएको थियो ।

नेपाल-भारत संयुक्त आयोगको तेस्रो बैठकले ईपीजी गठन गरेको थियो । ईपीजीमा दुवै देशका चार-चार सदस्य छन् । ईपीजीमा नेपालका तर्फबाट पूर्वपरराष्ट्रमन्त्री भेषबहादुर थापा, तत्कालीन नेकपा एमालेका सांसद राजन भट्टराई, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्याय र पूर्वकानुनमन्त्री निलाम्बर आचार्य थिए ।

भारततर्फबाट भारतीय जनता पार्टीका तत्कालीन उपाध्यक्ष >>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## व्यक्तिगत भिसामा ठूलो संख्या युरोप पुग्दा म्यानपावरमार्फत नगण्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० भदौ

कमाइ तथा सुरक्षाका हिसाबले आकर्षक मानिने युरोपेली मुलुकहरुसहितका देशमा व्यक्तिगतरुपमा ठूलो संख्यामा नेपाली गएपनि संस्थागतरुपमा जानेक्रम नगण्य मात्रामा देखिएको छ । चालु आर्थिक वर्षको पहिलो महिना साउनमा मात्रै युरोपेली मुलुकसहित उत्तर अमेरिका गरी ४० बढी देशमा नेपाली कामदार व्यक्तिगत भिसामा जाँदा ती देशमा म्यानपावर कम्पनीले नगण्य मात्रामा कामदार पठाएका छन् ।

साउन महिनामा म्यानपावर कम्पनीले एक जना पनि नपठाएको अल्बानियामा व्यक्तिगतरुपमा १५, अष्ट्रेलियामा २३, अष्ट्रियामा ५, अजरबैजानमा ११८, बेलारुसमा १८, बोस्निया एण्ड हर्जगोबिनमा ४३, क्यानडामा ५४, कायमनमा ५४, क्रोएसियामा १ हजार २१, चेक रिपब्लिकमा ४ जना गएका छन् ।

त्यस्तै डेनमार्क ७, फिनल्यान्ड ७, फ्रान्स ८, जर्मनी २१, ग्रीस ६४, हंगेरी १०, स्वीडेन १५, सोल्भेनिया १११, सोल्भाक ६०, सर्बिया ३०३, बुल्गेरिया २७९, म्यासेडोनिया ६३, माल्टा २००, टर्की एण्ड ककेसस आइल्याण्ड ८, बेलायत ३६, युएसए ३१, सिसेल्स २२, आयरल्याण्ड १२ जना नेपाली कामदार व्यक्तिगत प्रयासमा गएका छन् । तर श्रमिकहरु आकर्षक तलब र सुरक्षा हुने युरोपको रोजगारीमा करोडौं लगानी गरेका म्यानपावर कम्पनीबाट जान सकेका छैनन् ।

अवसर भए पनि सरकारले चासो नदेखाउँदा नेपाली म्यानपावर कम्पनीहरु कामदार पठाउने अवसरबाट वञ्चित भएका हुन् । युरोपमा राम्रो पारिश्रमिक तथा आकर्षक सेवासुविधा भएको तर सरकारले बाटो सहज नबनाउँदा युरोप छिर्ने युवाहरु दलालको आश्वासनका भरमा भारतको नयाँ दिल्ली र यूएईका विभिन्न शहरहरुमा लर्को लाग्ने गरेको छ ।

कतिपय युवाहरु अवैध बाटो र अनुचित प्रक्रियामार्फत लाखौं खर्च गरेर ज्यानै माया मारेर युरोप यात्रा गरिरहेको देखिएको छ ।

श्रम स्वीकृति लिएर सहजरुपमा युरोप छिर्ने वातावरण नहुँदा ब्राजिल, अर्जेन्टिनालगायतका देश पुगेर चरम आर्थिक शोषणमा परी भिजिट भिसामार्फत युरोप छिर्ने प्रवृत्ति व्यापक बनेको भारतको नयाँ दिल्लीमा पर्यटन व्यवसाय गरिरहेका एक नेपाली बताउँछन् । सरकारले युरोप रोजगारी सहजीकरण नगरिदिएपछि भिजिट भिसा तथा अन्य प्रक्रियामार्फत युरोप छिर्ने नेपालीहरुको संख्या बढ्दै गएको उनको भनाइ छ । पछिल्लो समय युरोपमा नेपाली श्रमिकहरुको माग बढ्दै गएको, तर सरकारको बेवास्ताले गर्दा आकर्षक मागहरुसमेत ल्याउन नसकिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी बताउँछन् ।

### केरी इन्ग्रिडियन्सद्वारा मृतकका परिवारलाई करिब २५ लाख सहयोग




**काठमाडौं/मस–** आफ्नो कम्पनीमा कार्यरत रहेको अवस्थामा आत्महत्या गरेका एक नेपाली कामदारका आश्रित परिवारलाई मलेसियाको केरी इन्ग्रिडियन्स एसडीएन बिएचडीले करिब २५ लाख रुपैयाँ सहयोग पठाएको छ ।

मलेसियाको उपभोग्य सामग्री उत्पादक कम्पनी केरीको पेनाङ शाखामा कार्यरत रहेको अवस्थामा नवलपुर जिल्लाको कावासोतीका ३५ वर्षीय यमबहादुर रमाली मगरले गत मे २४ तारिकमा आत्महत्या गरेका थिए ।

सोमबार अल्फा सिग्मा ओभरसिज प्रा.लि.मा आयोजित संक्षिप्त कार्यक्रममा उक्त >>> पृष्ठ २ मा

## काठमाडौंमा ओमानका विदेशमन्त्री



> ओमानसँग नेपालले धेरै विषयमा सहकार्य गर्न सक्छ । ग्रीन इनर्जी र फर्टिलाइजरमा नेपालले सहकार्य गरेर फाइदा लिन सक्छ । ओमानले नेपालको ऊर्जा क्षेत्रमा पनि लगानी गर्ने चाहना पनि व्यक्त गर्दै आएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० भदौ ।

ओमानका विदेशमन्त्री सय्यद बद्र बिन हमाद बिन हमूद अल्बुसैदी नेपाल भ्रमणका क्रममा काठमाडौंमा छन् । विदेशमन्त्री अल्बुसैदी नेपालको दुई दिने औपचारिक भ्रमणका लागि सोमबार काठमाडौं आइपुगेका हुन् ।

परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाको निमन्त्रणामा नेपाल आएका ओमानका विदेशमन्त्री अल्बुसैदीले भ्रमणका दौरान दुई विदेश मन्त्रीबीच नेपाल-ओमान सम्बन्ध र अन्य विविध विषयमा द्विपक्षीय भेटवार्ता तथा छलफल गर्नेछन् ।

ओमानका विदेशमन्त्रीले भ्रमणका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसँग छुट्टाछुट्टै भेट गर्ने कार्यसूची छ । उनी भदौ ११ गते काठमाडौंबाट स्वदेश फर्किने तालिका छ ।

दुई मुलुकबीचको कूटनीतिक सम्बन्ध स्थापना भएपछि पहिलो पटक ओमानबाट उच्च भ्रमण भएको हो ।

नेपाल र ओमानबीच सन् १९७७ को जनवरी २१ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । पश्चिम एसियाको >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
११ भदौ २०८१, मंगलबार
27 August 2024, Tuesday

# चुनावबाट पदाधिकारी चयन गर्ने एकीकृत समाजवादीको निर्णय

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, १० भदौ




नेकपा (एकीकृत समाजवादी) को पदाधिकारी निर्वाचनद्वारा चयन हुने भएको छ। महाधिवेशन सकिएको लामो समयसम्म पनि पदाधिकारी चयन गर्न नसकेपछि सोमबार बसेको केन्द्रीय कमिटीको बैठकले पदाधिकारी चयन गर्न निर्वाचनमा जाने निर्णय गरेको हो । पदाधिकारी चयनका लागि निर्वाचनको कार्यतालिका सार्वजनिक भएको छ । जसअनुसार मंगलबार दिउँसो २ बजेदेखि निर्वाचन हुने भएको छ । आइतबारदेखि जारी बैठकमा सहमति जुट्न नसकेपछि निर्वाचन गर्न लागिएको हो ।

पदाधिकारीसहित सर्वसम्मत गराउने प्रयास असफल भएपछि केन्द्रीय कमिटी बैठकमा मतदानको प्रक्रिया अघि बढेको हो । नेताहरूले मतदान प्रक्रियाबाट पदाधिकारी टुंगो लगाउन दबाब दिँदै आएका थिए ।

गत असारमा सम्पन्न एकीकृत समाजवादीको १० औं महाधिवेशनले पार्टी अध्यक्षमा माधव कुमार नेपाल, महासचिवमा घनश्याम भुसाल र सम्मानित नेतामा झलनाथ खनाललाई चयन गरेको थियो । बाँकी १८ जना पदाधिकारी टुङ्ग्याउन एकीकृत समाजवादीलाई सकस परेसँग निर्वाचनको प्रक्रिया रोजिएको हो । निर्वाचन कार्यतालिका अनुसार मंगलबार विहान ७ बजे मनोनयनपत्र वितरण गरिनेछ । बिहान ७. ३० देखि ८.३० सम्म मनोनयन दर्तासँगै अन्य प्रक्रिया पूरा गरेर दिउँसो १२ बजेदेखि १ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिने छ । त्यस्तै २ बजेदेखि ५ बजेसम्म मतदानको समय निर्धारण गरिएको छ। मंगलबार बेलुका ६ बजेबाट नै मतगनणा सुरु गरिने निर्वाचन आयोगका अध्यक्ष माधव पौडेलले बताए ।

निर्वाचन प्रकृयाबाट १८ पदाधिकारीसहित पोलिटब्युरो सदस्यका लागि निर्वाचनको तयारी थालिएको हो । केन्द्रीय सदस्य मतदाता हुने निर्वाचनबाट वरिष्ठसहित ७ उपाध्यक्ष, ४ उपमहासचिव र ७ सचिव चुनिने छन् ।

एकीकृत समाजवादीको विधानअनुसार केन्द्रीय समितिको एक तिहाइ पोलिटब्युरो, पोलिटब्युरोको एकतिहाइ स्थायी कमिटी रहनेछ। असार १६ देखि २० गतेसम्म काठमाडौंमा पार्टीले १०औं राष्ट्रिय महाधिवेशन सम्पन्न गरेपनि पर्दाधिकारी पोलिटव्युरो र केन्द्रिय सदस्यहरु छान्नलाई लामो समय खर्चेको छ ।

# जयपृथ्वी राजमार्ग मर्मतमा ध्यान नदिएको भन्दै ध्यानाकर्षण

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, १० भदौ



बझाङ जिल्लालाई अन्य जिल्लासँग जोड्ने मुख्य जयपृथ्वी राजमार्ग मर्मतमा ध्यान नदिएको भन्दै उपभोक्ता हित संरक्षण मञ्च नेपाल बझाङले ध्यानाकर्षण गरेको छ ।

जिल्लालाई अन्य जिल्लासँग जोड्ने र मुख्य लाइफलाइनको रुपमा रहेको जयपृथ्वी राजमार्ग ८० प्रतिशत क्षेत्रमा क्षतविक्षत भएको भएपनि त्यसको मर्मतका लागि सरोकारवाला निकायको ध्यान नगएको भन्दै विज्ञप्तिमार्फत ध्यानाकर्षण गराएको हो ।

जयपृथ्वी राजमार्गको बागथला-चैनपुर सडक खण्ड वर्षातको कारणले ८० प्रतिशत क्षतविक्षत भइ जताततै बिग्रे भत्केको भएपनि सडक विभाग, सडक डिभिजन कार्यालय बैतडी तथा सम्बद्ध निकायले बिग्रे भत्केको सडक मर्मतका लागि हालसम्म कुनै चासो नदेखाएकोले उपभोक्ता हित संरक्षण मञ्च नेपाल बझाङ शाखाको गम्भीर ध्यान आकर्षण भएको विज्ञप्तीमार्फत जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ' वर्षायाममा जतिबेला पनि सडक बिग्रन सक्ने भएकोले सडक डिभिजन कार्यालय बैतडी तथा सम्बद्ध निकाय चनाखो भइ यातायात सुव्यवस्थित गराउन लागि रहनु पर्नेमा वर्षात सकिन लागि भाद्र महिनाको दोस्रो हप्ता बितिसक्दासम्म पनि बर्षातको कारणले बिग्रेको सडक मर्मतका लागि कुनै चाँसो नदेखाउदा गौरा पर्व, तीज जस्ता विभिन्न चाडवाडका बेला बझाङ आउने जाने यात्रुहरु सास्ती झेली रहनु भएको र बिग्रेकै सडकका कारण र यातायात व्यावसायीहरुको अस्वस्थ प्रतिस्पर्धाका कारण जतिबेला पनि ठूलो दुर्घटना नहोला भन्न सकिँदैन ।

उपभोक्ता हित संरक्षण मञ्च नेपाल बझाङ शाखा अध्यक्ष अधिवक्ता दलबहादुर धामीâरा हस्ताक्षर गरिएको विज्ञप्तिमा सडक डिभिजन कार्यालय बैतडी तथा जयपृथ्वी राजमार्ग जोडिएका पालिकाहरु समेतले बागथला-चैनपुरको जयपृथ्वी राजमार्गको बिग्रेको खण्ड मर्मत गर्नका तत्काल शुरू गर्न अनुरोधसमेत गरिएको छ ।

साथै यातायात व्यावसायीहरुको अस्वस्थ प्रतिस्पर्धालाई रोकी व्यवस्थित गर्न जिल्ला प्रशासन कार्यालय बझाङ, जिल्ला प्रहरी कार्यालय बझाङ, ट्राफिक प्रहरी कार्यालय बझाङ र जिल्लास्थित सम्बद्ध निकायहरुको ध्यानाकर्षण गराइएको अधिवक्ता धामीले बताए । विज्ञप्तिमार्फत सडकको तत्काल मर्मतका लागि सुदूरपश्चिम प्रदेश सरकार, सडक विभाग, यातायात पूर्वाधार तथा यातायात मन्त्रालय समेतलाई जयपृथ्वी राजमार्गको बागथला-चैनपुर सडक खण्ड मर्मतका तत्काल पहल थाल्नको लागि अनुरोध गरिएको धामीले बताए ।

# प्रसूतिगृहबाट ३० हजार महिलाले लिए सेवा

**काठमाडौं/मस**–परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालले आर्थिक वर्ष २०८०/८१ मा कुल ३० हजार नौ सय ५२ महिलाले सेवा लिएका छन् । प्रसूतितर्फ २५ हजार एक सय १६ तथा स्त्री रोगतर्फ पाँच हजार आठ सय ३६ जनाले अस्पतालबाट सेवा लिएका थिए ।




अस्पतालले सोमबार ६५औं वार्षिकोत्सव मनाएको छ । सो अवसरमा यहाँ आयोजना गरिएको कार्यक्रममा अस्पतालका निर्देशक डा.श्रीप्रसाद अधिकारीले गत आवमा नवजात शिशु सघन उपचारतर्फ दुई हजार सात सय ८७ र मातृ सघन उपचारतर्फ चार सय ५४ जना भर्ना भएका जानकारी दिए । बहिरङ्ग सेवातर्फ एक लाख ९४ हजार चार सय ९० जनाले सेवा लिएको उनले बताए ।

विसं २०१६ भदौ १० गते श्री कृष्ण जन्माष्टमीको दिनमा ४० शय्याबाट स्थापना भएको उक्त अस्पतालमा हाल चार सय ८९ शय्या सञ्चालनमा छन् । निर्देशक डा.अधिकारीले अस्पतालको वार्षिक गतिविधि बारे प्रकाश पार्दै प्रसूतितर्फ भर्ना भएका २५ हजार एक सय १६ मध्ये २२ हजार तीन सय ७९ जना प्रसूति डेलिभरी भएको उल्लेख गर्दै उनीहरुले २२ हजार ६ सय १३ शिशुलाई जन्म दिएको बताए ।

उनले भने, 'कूल डेलिभरीमध्ये नौ हजार ६ सय ५२ जना (४३ प्रतिशत) को शल्यक्रिया गरिएको थियो। सो संख्या गत आवको तुलनामा चार प्रतिशतले बढी हो।' गत आवमा नौ हजार ११ निःसन्तान सम्बन्धी सेवग्राहीले ओपिडिबाट सेवा लिएका थिए । जसमध्ये दुई सय २२ महिलाले आइयुआई सेवा र २० निःसन्तान सेवाग्राहीले आईभिएफ सेवा लिएका थिए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पहलमा नेपालमा नै पहिलोपटक 'नियोनेटल स्क्रिनिङ टेष्ट'को कार्य सो अस्पतालमा यही साउन २९ गतेदेखि सुरुवात गरिएको छ। साथै अस्पतालले हालै मानसिक स्वास्थ्य सेवा समेत सुरु गरेको छ। वार्षिकोत्सवको अवसरमा जन्मिएदेखि ४५ दिनसम्म, ४५ दिनदेखि ६ महिनासम्म र ६ महिनादेखि एक वर्षसम्मका स्वस्थ शिशुलाई पुरस्कृत गरिएको थियो ।

# विद्यालयदेखि कार्यालयसम्म ह्विलचियरमा

**टीकाप्रसाद खतिवडा/रासस**
इलाम, १० भदौ



आलोक खतिवडा २३ वर्षको भए। उनको कम्मर चल्दैन अर्थात् बसेको एक ठाउँबाट अर्को ठाउँमा सर्न सक्दैनन्। उनी हालै लोकसेवा आयोगले लिएको खरिदार पदको परीक्षामा उत्तीर्ण भएर जिल्ला हुलाक कार्यालयमा कार्यरत छन्।

आलोकका दाजु २६ वर्षीय भुपालले पनि लोकसेवा आयोगले लिएको नायब सुब्बाको परीक्षामा पहिलो पत्र उत्तीर्ण गरेर त्यसपछिका परीक्षा दिइसकेका छन्। आलोकले गत वर्ष स्नातक पूरा गरेका हुन् भने दाजु भुपालले तीन वर्षअघि स्नातक सकेका हुन्। उनीहरु दुवैले इलामबाटै आफ्नो अध्ययन पूरा गरेका हुन्।

बुबाआमा बजारमा सामान्य तरकारी पसल गर्छन्। तरकारी बेचेर बुबा भुवन र आमा तेजकुमारीले आलोकलाई सरकारी सेवामा प्रवेश गराए । अपाङ्गता भएका धेरैले सामान्य अपाङ्गता हुँदा पनि माग्दै हात थापेर जीविकोपार्जन गरिरहेको अवस्थामा आलोक मेहनत गर्दा सफल भइन्छ भन्ने उदाहरण बनेका छन्। आलोकले कार्यालयमा कम्प्युटर चलाउने र दर्ता गर्ने काम गर्दै आएको बताए।

'मेहनत गऱ्यो भने सफलता मिल्दोरहेछ', आलोकले भने। दुईजना सन्तानमध्ये दुवैजना शरीरिक अपाङ्गता छ। दुवैजनाको कम्मर नचल्ने समस्यम रहेको आमा तेजकुमारीले बताइन् । कम्मर नचलेपछि एक ठाउँमा बसेका उनीहरु अर्को ठाउँमा सर्न सक्दैनन् । दिशा पिसाब गराउन दुवै छोरालाई बुबाआमाको सहारा चाहिन्छ । कान्छो छोराले लोकसेवा पास गरी सरकारी प्रवेश गरेसँगै परिवारमा एउटा खुसी प्रवेश गरेको आमा तेजकुमारीले बताइन् । जन्मिएको करिब नौ वर्षको उमेरदेखि दुवै छोरा हिँड्न नसक्ने भएपछि बुबाआमाले ह्विल चियरको सहारामा विद्यालयसम्म लैजान्थे। दैनिक विद्यालय पुऱ्याउने र ल्याउने गर्दै उच्च शिक्षासमेत त्यसरी नै पढाएको बुबा भुवनले बताए ।

इलामको सन्दकपुर घर भएका उनीहरु छोराहरु हिँड्न डुल्न नसक्ने भएकाले इलाम बजारमा सरे । छोराहरुको शिक्षाका लागि भनेर लामो समय दुःख र सङ्घर्ष गर्नुपरेको उनले दुःसेसो सुनाए । 'उपचारका लागि नेपालका धेरै अस्पतालमा लगे पनि उपचार सम्भव भएन । ह्विल चियरमा भए पनि विद्यालय र उच्च शिक्षा हासिल गराउपर्छ भनेर हामीले निरन्तर सङ्घर्ष गर्यौं', उनले भने ।

'आफ्नो आफ्नो लेखान्त रहेछ । जे भए पनि एउटा खुसी पाएका छौँ', आमा तेजकुमारीले भनिन् । अहिले पनि बजारमा तरकारी पसल गरिरहेको भन्दै छोरालाई कार्यालय लैजाने र ल्याउने काममा बुबा दैनिक खटिनुपर्ने उनले जानकारी दिए । 'म तरकारी पसलमा बस्छु। बुबाले कान्छो छोरालाई कार्यालय छोडेर आएपछि पालैपालो गरेर घरमा भएको छोरोलाई दिसापिसाब गराउने र खान दिने गरिरहेका छौँ', उनले भने ।

गत जेठमा नियुक्त लिएर पाँचथरको अमरपुरमा हाजिर गर्न गएका आलोक इलाममा सरुवा लिएर हाल जिल्ला हुलाक कार्यालयमा कार्यरत छन् । अमरपुरमा हुँदा पनि चारैजनाको परिवार उतै बस्दै आएको थियो ।

आलोक जिल्लामा एक उदाहारण बनेका छन् । मेहनतले सफल भइने उनको बुझाइ छ । उनी अरूलाई पनि मेहनत गर्ने सल्लाह दिन्छन् । उनले दोस्रो पटकमा नाम निकालेका हुन् । १२ जनाको कोटामा करिब तीन हजारको प्रतिस्पर्धा रहेको उनले बताए । 'दोस्रो चरणमा पनि दुई सय ८४ जनाले परीक्षा दिएकामा खुल्ला तेस्रो नम्बरमा नाम निकाल्न सफल भएको हुँ', आलोकले भने । लोकसेवा आयोग धेरैको सपना जस्तै बनेको छ । उनीहरुले मेहनत गरेकाले सफलता मिलेको बताए ।

भुपाल योसहित तीन पटक लोकसेवाको परीक्षामा सहभागी भइसकेका छन् । अबको पटक नाम निस्कनेमा उनी पनि ढुक्क छन् । मेहनती र इमान्दार खतिवडा कार्यालयमा समेत राम्रो काम गर्ने कर्मचारीका रुपमा छन् । अपाङ्गतामैत्री कार्यालय निर्माण गरेर उनको सहजतामा समेत आफूहरु लागेको जिल्ला हुलाक कार्यालय इलामका निमित्त प्रमुख गणेश घिमिरेले बताए । 'केही व्यक्ति अझै पनि सामान्य अपाङ्गता हुँदा केही गर्न सक्दिन भन्ने सोचमा हुन्छन् । आलोक उहाँहरु सबैका लागि प्ररणाको स्रोत बन्नुभएको छ', उनले भने, 'उहाँको पदोन्नति होस् अनि भुपाल पनि आगामी परीक्षामा सफल बन्नुहोस् भन्ने हाम्रो कामना छ।'

# दुईदिने राष्ट्रिय सम्मेलन गर्दै युवा उद्यमी मञ्च

**बुटवल/मस**–रुपन्देहीमा ७ औं संस्करणको २ दिने युवा उद्यमी सम्मेलन हुने भएको छ। युवाहरूलाई स्वदेशमै स्वरोजगार बनाउने उद्देश्यका साथ स्थापना भएको नेपाली युवा उद्यमी मञ्चले रूपन्देहीमा दुई दिने राष्ट्रिय नेतृत्व सम्मेलन गर्न लागेको हो ।




नेपाली युवा उद्यमी मञ्च रूपन्देहीको आयोजनामा टाइगर रिसोर्टमा हुने कार्यक्रममा उपप्रधानमन्त्री तथा अर्थ मन्त्री बिष्णु पौडेलले कार्यक्रमको उद्घघाटन गर्ने छन् । देशभरका युवा उद्यमीहरूलाई जमघट गराएर एक आपसमा उद्यमशीलता विकास र नेतृत्वका विषयमा छलफल हुने नेपाली युवा उद्यमी मञ्च रूपन्देहीका अध्यक्ष रिसव झाले जानकारी दिए । भदौ १४ र १५ गते दुई दिन हुने कार्यक्रमको तयारी पूरा भएको सोमबार बुटवलमा पत्रकार सम्मेलनमा कार्यक्रम संयोजक तथा द्वितीय उपाध्यक्ष अनिश कसौधनले बताए । डिजिटल युगमा नौलो र फरक सुविधासहित हाम्रो भविष्य बारे र हामीले कसरी आफ्नो घर,परिवार, साथीभाइ र वरिपरी तथा समाजमा कसरी उद्धमशिलता विकास कसरी गर्ने ?, उद्यमशिलतामार्फत समावेशिता बढाउन र हरेक सदस्यहरुसँग भएका फरक क्षमतालाई, विविध प्रतिभालाई, सानो-सानो काममार्फत र स-सानो लघु उद्यममार्फत प्रोत्साहित गर्न मद्दत गर्न सकिन्छ भन्नेबारे उद्देश्यका साथ युवा उद्यमी मञ्चको साझा धारणा बनाउने यो सम्मेलको मुख्य एजेण्डा रहेको संयोजक कसौधनले बताए ।

कार्यक्रममा देशभरका युवा उद्यमीहरू भेला हुनेछन् । भेलामा प्यारालाल ट्क, ललिङ्ग चेयर,कनेक्ट, पेसिडेन्ट मिट गरी ७ चेयर छलफल हुनेछ । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष तथा सार्क चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रिका पूर्व उपाध्यक्ष सुरज वैद्य, रवि रायमाझी प्रमुख वक्ताहरू भएको उनले बताए। नेपाली युवा उद्यमी मंचले आफनो वार्षिक कार्ययोजना अनुरूप दुई दिने राष्ट्रिय नेतृत्व सम्मेलन सम्पन्न गर्न लागेको राष्ट्रिय गर्भनिङ काउन्सिलका अध्यक्ष कुसल सुन्दर श्रेष्ठले बताए ।

नेपालभरमा रहेका १४ च्याप्टरबाट १८२ जना युवा उद्यमीहरू गोष्ठी र तालिममा सहभागी हुने छन् । काठमाडौं, विरगञ्ज, जनकपुर, ललितपुर, पोखरा, विराटनगर, चितवन, सुनसरी, कैलाली, काभ्रे, झापा, सुनसरी, नेपालगञ्ज, कैलाली र रूपन्देही गरी १४ च्याप्टरमा ८ सय ५० बढी युवा उद्यमीहरू रहेको युवा उद्यमी मञ्चका मिडिया चेयर मन्जिल विश्वकर्माले बताए ।

### समयमै...

मानिसको वर्तमान अवस्थालाई जनाउँछ। यी सबै घटनालाई स्थानीय पञ्जीकरण अधिकारी समक्ष घटना भएको ३५ दिनभित्र दर्ता गरिसक्नुपर्ने कानूनी व्यवस्था छ। व्यक्तिगत घटना दर्ता राष्ट्रिय तथ्यांकसंग सम्बन्धित हुने भएकाले राज्यको हरेक नीति निर्माण, बजेट विनियोजन र सामाजिक सुरक्षा कार्यक्रम समेतमा असर गर्दछ। यसलाई ख्याल गरेर समेत सरकारले समयमै घटना दर्ताका लागि आग्रह गर्ने गरेको हो।

संघीय सरकारको आग्रह अनुसार प्रभावकारी काम हुन नसकेको भनेर कतिपय ठाउँमा आलोचना समेत हुने गरेको छ। यस आधारमा समेत नागरिकलाई समयमै घटना दर्ता रगाउने बानी विकासका लागि इलामको देउमाई नगरपालिकाले समयमै जन्मदर्ता र मृत्युदर्ता गराउनेलाई पाँच पुरस्कार दिएर प्रोत्साहनको नीति अख्तियार गरेको हो।

### थन्कियो...

भगतसिंह कोस्यारी, नेपालका लागि भारतीय पूर्वराजदूत जयन्तप्रसाद, जवाहरलाल नेहरू विश्वविद्यालयका प्राध्यापक महेन्द्र पी लामा र बीसी उप्रेती ईपीजीमा थिए।

दुई वर्षको अवधि लगाएर ईपीजीले प्रतिवेदन तयार पारेको थियो। ईपीजीले साझा प्रतिवेदन तयार पारेको छ। तर, प्रतिवेदन तयार भएको ६ वर्षसम्म पनि भारतीय पक्षले बुझ्न आनाकानी गर्दै आएको छ। यही बेला नेपालका प्रधानमन्त्री ओलीले भारतमाथि दबाब बढ्नेगरी सार्वजनिक अभिव्यक्ति दिएका हुन्।

### कानून...

राजनीतिक आन्दोलनको रुपमा स्वीकार गर्ने गरी विधेयक अगाडि बढेको छ। यसमै प्रचण्डले राहत महसुस गरेको हुन सक्ने सरोकारवालाहरूको टिप्पणी छ।

### थन्कियो...

भगतसिंह कोस्यारी, नेपालका लागि भारतीय पूर्वराजदूत जयन्तप्रसाद, जवाहरलाल नेहरू विश्वविद्यालयका प्राध्यापक महेन्द्र पी लामा र बीसी उप्रेती ईपीजीमा थिए।

दुई वर्षको अवधि लगाएर ईपीजीले प्रतिवेदन तयार पारेको थियो। ईपीजीले साझा प्रतिवेदन तयार पारेको छ। तर, प्रतिवेदन तयार भएको ६ वर्षसम्म पनि भारतीय पक्षले बुझ्न आनाकानी गर्दै आएको छ। यही बेला नेपालका प्रधानमन्त्री ओलीले भारतमाथि दबाब बढ्नेगरी सार्वजनिक अभिव्यक्ति दिएका हुन्।

### केरी...

म्यानपावर कम्पनीका अध्यक्ष प्रवीन कुमार अग्रवालले स्वर्गीय रमाली मगरकी श्रीमती युमाया रिलामी मगरलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरे। मलेसिया कार्यस्थलमा हुने दुर्घटनाको क्षतिमा मात्रै बीमा कभरेज हुने भएपनि कम्पनीको विशेष पहलमा आत्महत्या गरेका मगरको आश्रित परिवारले सहयोग पाएको म्यानपावर कम्पनीले बताएको छ।

उक्त कम्पनीमा एक हजार बढी नेपाली कामदार कार्यरत रहेको र उनीहरुलाई मनोसामाजिक परामर्श दिन डा. कमल गौतमलाई पठाइएको थियो। उनले पाँचदिने मनोचिकित्सा परामर्श प्रदान गरेका थिए। सहयोग हस्तान्तरण कार्यक्रम सञ्चालन गरेका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वतृतीय उपाध्यक्ष एवम् गोल्डेन गेटवे इन्टरनेशनल प्रा.लि.का सञ्चालक मुक्तिनाथ अधिकारीले सहयोग रकमको सही सदुपयोग गरी आश्रित सन्तानको शिक्षादिक्षामा लगानी गर्न आग्रह गरे।

### काठमाडौंमा...

महत्वपूर्ण मुलुक ओमानमा नेपालले सन् २०१३ को सेप्टेम्बर १ मा दूतावास खोलेको थियो।

ओमान नेपालीहरूका वैदेशिक रोजगारीका लागि पश्चिम एसियामा एउटा महत्वपूर्ण मुलुक हो। सरकारी तथ्याङ्क अनुसार ओमानमा हाल करिब २४ हजार नेपाली श्रमिक छन्।

ओमानका लागि नेपालकी पूर्वराजदूत शर्मिला पराजुलीका अनुसार ओमानसँग नेपालले धेरै कुरामा सहकार्य गर्न सक्छ। ग्रीन इजर्जी र फर्टिलाइजरमा नेपालले सहकार्य गरेर फाइदा लिन सक्छ। ओमानले नेपालको ऊर्जा क्षेत्रमा पनि लगानी गर्ने चाहना व्यक्त गर्दै आएको छ।

ओमानबाट पहिलो उच्चस्तरीय भ्रमण भएतापनि नेपालबाट यसअघि नै केही महत्वपूर्ण भ्रमण भएका थिए। सन् १९८६ मा राजा वीरेन्द्र शाह र रानी ऐश्वर्या, सन् १९८५ मा परराष्ट्रमन्त्री रणधीर सुब्बा, सन् २०१७ मा उपप्रधान तथा रक्षामन्त्री भीम रावल र सन् २०१७ मा प्रधानमन्त्री शेरबहादुर देउवाले ओमानको औपचारिक भ्रमण गरेका थिए।

ओमानबाट भएको पहिलो उच्चस्तरीय भ्रमणको समयमा दुई मुलुकबीचको सम्बन्धलाई थप बलियो बनाउनको लागि छलफल हुने परराष्ट्र मन्त्रालयले जनाएको छ।

ओमानबाट नेपाललाई महत्व दिँदै विदेशमन्त्रीस्तरमा भ्रमण भएकोले यसलाई नेपाल सरकारले सदुपयोग गर्न सक्नु पर्नेमा सरोकारवालाहरूले जोड दिएका छन्। नेपालले सक्दा ओमानबाट फाइदा लिन सक्ने उनीहरुको राय छ। राष्ट्रपति, प्रधानमन्त्री, परराष्ट्रमन्त्री लगायतका उच्च अधिकारीसँग भेटघाट हुने भएकाले पनि सकारात्मक प्रयासका लागि फाइदा पुग्नेछ।


## UAE मा रोजगार

**THAMEL RESTAURANT, UAE**
पुर्व स्विकृति मितिः 2081.05.09 चलानी नं. ६०२२४१३१ LT No. 309457

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 3 | 1300 | 47511 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 0 | 2 | 1200 | 43857 | | | | | | | |
| 3 | Female Cleaner /Helper | 0 | 5 | 1200 | 43857 | | | | | | | |
| 4 | Messanger | 0 | 6 | 1300 | 47511 | | | | | | | |
| 5 | Cook | 2 | 0 | 2500 | 91368 | | | | | | | |
| 6 | Sales Officer | 5 | 0 | 1800 | 65785 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०८१ भाद्र १८ गते (03 September 2024)मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५
Email: info@tulsiintl.com, Website: www.tulsiintl.com

मध्यान्ह
www.madhyanhadaily.com



# जनतामा देखिएको निराशा हटाउन सरकार प्रतिबद्ध छ : मन्त्री भण्डारी

**काठमाडौं/मस–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले वर्तमान समयमा देखिएको आर्थिक मन्दि, व्यापार घाटा, उद्योग तथा व्यावसायिक क्षेत्रका समस्या सहजीकरण गरी जनतामा देखिएको निराशा हटाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

काठमाडौंमा सोमबार आयोजना गरिएको सुदूरपश्चिम समाजको १५औं साधारण सभामा मन्त्री भण्डारीले वर्तमान सरकार जनताको निराशा अन्त्य गरी आशा जगाउने बाटोमा अग्रसर रहेको बताए । उनले भने, 'नेपालको उद्यमसिलता र औधोगिक क्षेत्रको विकास गर्न मैले ध्यान केन्द्रित गरेको छु ।'

मन्त्री भण्डारीले विशिष्ट परिस्थितिमा बनेको वर्तमान सरकारले राष्ट्रिय चुनौतीलाई अन्त्य गर्ने जिम्मेवारी वहन गरिरहेको बताए । उनले सुदूरपश्चिमेलीको मौलिक पर्व गौरालाई अन्तराष्ट्रियस्तरमा विस्तार गर्नुपर्नेमा जोड दिए ।




उनले भने, 'विगतमा सुदूरपश्चिममा मात्रै मनाइने गौरा पर्व अहिले देशभर तथा भारत, अमेरिकालगायतका देशमा समेत मनाउन थालिएको छ, यसको मौलिक स्वरुपको विस्तार गर्नुपर्छ ।' गौरा पर्व विगतमा थौरै व्यक्तिले मनाउँदा साँघुरो बाटोमा सीमित भएको र अहिले राजमार्गका रुपमा परिणत भएको उनको भनाइ थियो ।

गौरा पर्वको विशेषतालाई पाठ्यक्रममा समेत समावेश गर्नु जुरुरी रहेको तथा यस पर्वको महत्व, गरिमा र सान्दर्भिकता देखाउन सकेमात्रै राज्यको संरक्षण र सहुलियत प्राप्त गर्न सकिने मन्त्री भण्डारीको भनाइ थियो । सो अवसरमा मन्त्री भण्डारीले 'सुदूरकि सोराई गो:रा विशेष' पुस्तकसमेत विमोचन गरेका थिए । उक्त पुस्तकमा सुदूरपश्चिमका विभिन्न जिल्ला तथा ठाउँ विशेषका गौरा पर्वका विषयमा व्याख्या गरिएको पुस्तकका प्रधान सम्पादक डा हरिदत्त पाण्डेयले जानकारी दिए ।

# लण्डनमा १५औं नेपाली मेला सम्पन्न

**सनिषा श्रेष्ठ/मध्यान्ह**
लण्डन, १० भदौ




बेलायतको केम्प्टन पार्क रेसकोर्समा '१५औं नेपाली मेला युके-२०२४' सम्पन्न भएको छ । 'हाम्रो संस्कृति, हाम्रो पहिचान, हाम्रो गौरव' भन्ने नाराका साथ मेला २५ अगष्ट आइतबारका दिन आयोजना गरिएको हो ।

तमुधी एशोसिएसन युकेको अयोजना तथा बेलायतस्थित नेपाली दूतावासको सहकार्यमा मेला आयोजना गरिएको हो। उक्त मेलामा आइरो सुशी फ्रेन्चाइजलगायतको प्रायोजन रहेको थियो ।

प्रमुख अतिथि लण्डनस्थित नेपाली दूतावासकी कार्यबाहक राजदूत रोशन खनालले मेलाको उद्घाटन गरेकी थिइन् । उक्त मेलामा बेलायत निवासी नेपालीहरु आ-आफ्नो संस्कृति झल्कने पोशाकमा उपस्थित भएका थिए ।

आयोजक संस्था तमुधी एशोसिएसन युकेका अध्यक्ष हरि गुरुङले बेलायतमा आफूहरुले १५औं पटक नेपाली मेला आयोजना गरेको मध्यान्हलाई बताए । नेपालीहरुको संस्कार, संस्कृति, भाषा र पहिरनको सम्बर्द्धन तथा प्रबर्द्धन गर्नका लागि मेला आयोजना गरिएको अध्यक्ष गुरुङले जानकारी दिए ।

नेपाल र नेपालीसँग सम्बन्धित व्यापार व्यवसायलाई प्रबर्द्धन गर्ने उद्देश्यले मेलामा नेपाली खाना, हस्तकला, खाद्य सामग्री, रियल स्टेटजस्ता विभिन्न नेपाली उत्पादन र कारोबारका स्टलहरू राखिएका थिए । मेलामा विभिन्न संघसंस्थाहरूका समूहले आ-आफ्नो कला संस्कृतिको परिचय झल्किने झाँकीहरू प्रस्तुत गरेका थिए भने नृत्य प्रतियोगितासमेत भएको थियो ।

# रौतहटमा सवारी दुर्घटना हुँदा दुई जनाको मृत्यु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १० भदौ

रौतहटको चन्द्रपुर नगरपालिकामा टाटा सुमो र मोटरसाइकल एकआपसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकलमा सवार सुनसरी धरान उपमाहानगरपालिका-१५ का तुलसी ओझा र मोरङको सुन्दरहरैचा नगरपालिका-११ बस्ने विवश बास्कोटा रहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायव उपरीक्षक राजकुमार राईले बताए । उनीहरूको घटनास्थलमै मृत्यु भएको उनले जानकारी दिए ।

उनका अनुसार चन्द्रपुर नगरपालिका वडा नं. ४ स्थित पूर्वपश्चीम राजमार्गको धन्सर पुल नजिकै पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको टाटा सुमो र पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मोटरसाइकल एकआपसमा ठोक्किएको थियो । दुर्घटनापश्चात प्रहरीले टाटासुमो नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# फरकपत्रका अध्यक्ष न्यौपाने सम्मानित



**मध्यान्ह संवाददाता**
काठमाडौं, १० भदौ

फरकपत्र मिडियाका अध्यक्ष सुशान्त न्यौपाने सम्मानित भएका छन् । शिक्षा क्षेत्रमा देखिएका विसंगति निराकरणमा उल्लेखनीय योगदानका साथै सामाजिक क्षेत्रमा क्रियाशील बने बापत तारकेश्वर-९ कोशुभकामना इङ्लिस बोर्डिङ स्कुलले सोमबार औपचारिक कार्यक्रमबीच सम्मान गरेको हो । यसका साथै एसईई परीक्षा २०८० मा उत्तीर्ण विद्यार्थीलाई सम्मानसहित बिदाइ पनि गरेको छ ।

कार्यक्रममा मन्तव्य राख्दै विद्यालयका प्राचार्य कुमार ढकालले २१ जना विद्यार्थीले एसईई परीक्षा दिएकोमा १०० प्रतिशत उत्तीर्ण हुनु मात्र नभइ उत्कृष्ट जीपीए ल्याउन समेत सफल तारकेश्वरकै पहिलो विद्यालय भएको बताए ।

ढकालका अनुसार यस वर्ष विद्यालयले औसत ३.७६ जीपीए प्राप्त गरेको छ । शुभकामना स्कुलले २१ वर्षको इतिहासमा तारकेश्वर न.पा.मै उच्चतम जीपीए ल्याउने एक मात्र विद्यालय भएको उनको कथन थियो ।

ढकालले थपे, 'काठमाडौं उपत्यकामा सर्वोत्कृष्ट १० मा पर्न सफल विद्यालय हो । शुभकामना स्कुलले अतिरिक्त क्रियाकलाप र शैक्षणिक क्रियाकलापहरूमा पनि उत्कृष्टता हासिल गर्दै आइरहेको छ ।' राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याती प्राप्त कराँते खेलाडी एरिका यसै विद्यालयकी उत्पादन हुन् । कार्यक्रममा विद्यार्थीहरूले शुभकामना स्कुल गीतबाट कार्यक्रमको प्रारम्भ गरी विविध गीत तथा नृत्यहरु पस्केका थिए ।

कार्यक्रममा उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो र खादा अर्पण गरिएको थियो । विद्यालयले कक्षा १० मा अध्यापन गराउने शिक्षकहरूलाई प्रशंसा-पत्र पनि प्रदान गरेको थियो । यसैगरी कार्यक्रमका अतिथि तथा विद्यालयका प्रमुख सल्लाहकार मदनकुमार अधिकारी सहित अन्य सल्लाहकार तथा सुभेच्छुकहरूलाई कदर-पत्र प्रदान गरिएको थियो । कार्यक्रममा शिक्षकहरूले गायनका साथै कविता वाचन गरेका थिए । विद्यालयका निर्देशक कृष्णप्रसाद अधिकारीले सहभागी अतिथि र विद्यार्थीहरूलाई धन्यवाद ज्ञापन गरी कार्यक्रमको बिट मारेका थिए ।

# काभ्रेमा १० हजार कन्या पुजिए

**काभ्रे/मस–** कृष्ण जन्माष्टमीको अवसरमा काभ्रेपलाञ्चोकमा करिब १० हजार कन्या पुजिएका छन् । बनेपामा मात्रै करिब सात हजार कन्या पुजिएका सनातन कन्या पुजा प्रबन्ध समितिले जनाएको छ । बनेपामा एक सय २२ वर्षअघि शुरू गरिएको 'कन्या-पूजा' लाई हरेक वर्ष यही दिन पुज्दै आइएको छ । सोमबार मध्याह्नबाट शुरू गरिएको पुजामा बनेपा नगरको भोलाखाँ टोलदेखि लायकु दरबार तथा पुरानो बजार हुँदै चारदोबाटोसम्म सडकको दायाँबाँया पेटीमा कन्या लस्करै बस्छन् । कन्यालाई पुज्न काठमाडौं, भक्तपुर र ललितपुर तथा छिमेकी जिल्लाबाट भक्तजन आउने गरेका छन् ।

बनेपा नपा-३ भोलाखाँ टोलमा गणेश र कुमारको पूजा भएपछि मात्र कन्या-पूजा सुरू हुने गर्दछ । समितिका मूलकर्ता सुरकृष्ण बैद्यकानुसार कन्या-पूजामा समितिमार्फत एक सय ३५ जना भक्तजनले दानदक्षिणा तथा प्रसाद, स्वारी र मालपुवा, पैसा, जेरी, बिस्कुट, छोकडा, काजु एवं विभिन्न प्रकारका मिठाइ वितरण गर्ने गरिएको छ । पूजामा सामेल प्रत्येक कन्याको टाउकोमा शुद्ध तोरीको तेल खन्याएर देवीसरह रातो टीका लगाइ दिने प्रचलन रहँदै आएको छ । पछिल्ला वर्षदेखि काभ्रेपलाञ्चोकको नाला, जनागाल, पाँचखाल, पनौती, साँगा, दोलालघाटलगायत विभिन्न बजार तथा बस्तीमा कन्यालाई श्रीकृष्ण जन्माष्टमीको दिन पुज्दै आइएको छ । बनेपाबाहेकका स्थानमा करिब तीन हजार कन्यालाई पुजिएको बताइएको छ ।

# गर्मी छल्न नरपानी आउनेको संख्या तेब्बरले वृद्धि



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १० भदौ

अर्घाखाँचीको नरपानी डाँडा चिसो हावा र चिसो पानीले प्रसिद्ध छ । यहाँबाट धेरै हिमाल देख्न पाइन्छ । मनमोहक दृश्यहरू देख्न पाइने हुँदा नेपाल तथा भारतबाट धेरै पर्यटक आउने गर्छन् । पछिल्लो समय यहाँ भारतबाट आउने पर्यटकको संख्यामा उल्लेखनीय वृद्धि भएको स्थानीय बताउँछन् ।

पहाडको मनोरम दृश्यले भरिपूर्ण नरपानी प्रमुख पिकनिक स्थलको रूपमा विकसित हुँदै गएपछि त्यस ठाउँमा धेरैले रोजगारी समेत प्राप्त गरेका छन् । आजभोलि पनि यस क्षेत्रमा चिसो खान कपिलवस्तु, रुपन्देही, दाङ, नवलपरासी, बाँके र बर्दियाबाट लगायत भारतबाट दैनिक रूपमा हजारौं मानिस आउने गरेको स्थानीय ओमबहादुर थापाले बताए ।

थापाका अनुसार गएको वर्षदेखि दैनिक रूपमा २० देखि ७० वटा समूह आउने सुपादेउरालीमा भाकल गरेको बोका चढाउने र पिकनिक स्पोर्ट्समा आएर खाने, रमाइलो गर्ने गर्छन् ।

शनिबारको दिन यहाँ झण्डै ५० देखि १ सय ५० ग्रुप आउने गरेको स्थानीय समाजसेवी सुर्य बहादुर केसीले दाबी गरे । महेन्द्र राजमार्गको कपिलवस्तुको गोरुसिंगे देखि ५० किलोमिटरको पक्की सडक गाडीमा हिँडेपछि पर्यटकीय क्षेत्र नरपानीमा आउन सकिन्छ । गोरुसिंगे सन्धिखर्क सडक पनि अहिले स्तरोन्नति भएपछि यहाँ आउने धार्मिक तथा वाह्य पर्यटकहरुका लागि निकै सहज भएकोले पछिल्लो समय विगत दुई वर्ष यता भारतीय पर्यटकहरू दैनिक उल्लेखनीय आउने गरेका कारण पनि यहाँ रहेका तीन ठूला रिसोर्ट नरपानी रिसोर्ट मजेरी रिसोर्ट र क्याम्प फायर रिसोर्ट र अन्य होटलहरु गर्मीको समयमा निकै प्याक हुने गरेको होटल व्यवसायी गोपाल पौडेलले बताए ।

उनी भन्छन्, 'जाडोको समयमा त होटलहरु खाली हुन्छन्, अहिले त कोठा पुर्‍याउन समेत कठिन हुने गर्छ ।'

सुपा देउरालीमा धार्मिक विश्वासका साथ पाठापाठी चढाउन आउने र देउरालीमा चढाएका पाठापाठीहरू लिएर नरपानीमा वनभोज जस्तै गरी खाने मानिसहरुका लागि भाडाकुँडा, दाउरा तथा बन्दोबस्तीका सामानहरु स्थानीय क्लबले नै जोहो गर्ने व्यवस्थापन मिलाइएको स्थानीय भोज बहादुर बिष्टले बताए । नरपानी खाँची वरिपरी हरियाली ठूला डाँडा, पहाड पानीका छहरा आउने लामो पुल समेत छ । बीचमा समथर भू-भाग भएकोले पनि विदेशी तथा स्वदेशी पर्यटकहरु निकै आकर्षित हुने गरेका छन् । यस नरपानी सुपा देउरालीको कारण पनि भविष्यमा यस क्षेत्रमा पर्यटनको ठूलो विकासले फड्को मार्नेमा विश्वास आफुहरुले लिइएको वडा नम्बर ६ का वडाध्यक्ष श्रीधर महत्राले बताए ।

सुपा देउरालीको दर्शन गरेपछि मनले चिताएको पुग्ने धार्मिक विश्वास छ । यहाँ लाहुरे टाँसिएको भिर र लाहुरे बजार निकै प्रख्यात छन् ।

कडा चट्टानकाबीच निर्माण भएको सडक र त्यही सडकको छेउमा मन्दिर रहेकोले पनि यहाँ राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ठूलो ओहदामा पुगेका व्यक्ति समेतले दर्शन गर्छन् र उनीहरुले सोचेको सुपा देउरालीले पूरा गरिदिने विश्वास भएकोले एक पटक आएका व्यक्ति मनोकांक्षा पूरा भएपछि फेरि आउने गर्छन् ।

कुनै अप्ठ्यारो समस्या परेका बेलामा सुपा देउरालीलाई भाकल गरे समस्या टर्ने धार्मिक विश्वास रहेको छ । त्यसैले यहाँ पाठी, बोका, भाकल गरी बलि चढाउने परम्परा शुरु गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष फर्सबहादुर केसीले बताए ।

विगतका वर्षहरूमा दैनिक १ हजारदेखि ५ हजार जनाले दर्शन तथा पूजाआजा गर्ने गरेकोमा अहिले आएर दैनिक २ हजारदेखि आठ हजार जनासम्मले दर्शन गर्ने गरेको मन्दिर संरक्षण समितिका सचिव हरि खनालले बताए । मन्दिरको दर्शन गर्न अर्घाखाँची, कपिलवस्तु, दाङ, प्युठान, गुल्मी, रुपन्देहीबाट बढी मात्रामा पर्यटक आउने खनालले दाबी गरे । सन्धिखर्क गोरुसिंगे सडकखण्डसँगै जोडिएकाले पनि यसको महत्व बढ्दो दिन प्रतिदिन बढ्दै गएकोले अझै यस क्षेत्रको विकासमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारले ध्यान दिन थालेका छन् ।

# ज्योतिनगर र लक्ष्मीनगर क्षेत्रको पहिरो रोकथामको काम शुरु



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १० भदौ

बुटवल उपमहानगरपालिकाले ज्योतिनगर र लक्ष्मीनगर क्षेत्रको पहिरो रोकथामका लागि थप काम शुरु गरेको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालका अनुसार गत आर्थिक वर्षमा नियमित रुपमा पहिरोग्रस्त क्षेत्रमा ग्याबिन जाली लगाउने, नाला, खोल्साहरु सरसफाइ गर्ने, अनुगमन गरी सम्भावित जोखिम न्यूनीकरण गर्ने र अन्य सुरक्षाका उपायहरु अपनाउने गरेको उपमहानगरपालिकाले अहिले पहिरो रोकथाम शुरु गरेको हो ।

चालु आर्थिक वर्षभरिमा के कस्ता काम गरेर पहिरोलाई रोक्न सकिन्छ ? भन्नेबारेमा प्राविधिकसहितको टोलीले अनुगमन गरेपछि पहिरो रोकथाम शुरु गरिएको छ ।

चालु आर्थिक वर्षमा आवश्यक स्थानमा ग्याबिन जाली लगाउने, खोल्साहरु सफा गर्ने, पानीको बहावलाई व्यवस्थित गर्ने जस्ता काम गर्ने गरी बजेट विनियोजन भएको र सोही अनुसारको काम शुरु भएको बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बताए । पाण्डेयले पहिरोको जोखिम कम गर्न र स्थानीयलाई सुरक्षित बनाउनका लागि नगरको बजेटले थेग्नेसम्मका काम गर्न शुरु गरिएको छ ।

ज्योतीनगर र लक्ष्मीनगर क्षेत्रमा २०७८ सालमा आएको पहिरोले १५ घर पूर्ण क्षति पुर्‍याएको थियो भने ३० घर आंशिक क्षति भएका थिए । सोही बेला १२ घरमा लेदो छिरेर सामान्य क्षति पुगेको थियो भने अहिले प्राविधिकको सरसल्लाह अनुसार अब त्यस ठाउँमा क्षति हुन नदिनका लागि बुटवल उपमहानगरपालिकाले विशेष प्राथमिकताका साथ बस्ती सुरक्षाका लागि काम गरिरहेको नगर प्रमुख पाण्डेयले बताए ।

पाण्डेयका अनुसार नगरको बजेटले मात्रै ज्योतिनगर र लक्ष्मीनगर क्षेत्रको पहिरो रोकथाम हुन नसक्ने भएकाले संघ र प्रदेश सरकारलाई पटक-पटक अनुरोध गरेपनि उचित सम्बोधन हुन नसकेको गुनासो गरे ।

'हामी निर्वाचित भएर आएदेखि हरेक वर्ष र वर्षायाम शुरु हुनुअघि प्रदेश सरकार, संघ सरकार र विपद हेर्ने गृह मन्त्रालयमा छुट्टाछुट्टै रुपमा पत्राचार गर्ने र भेटेरै पनि जानकारी गराउने र विपद न्यूनीकरणका लागि दिगो हुने गरी काम गर्नुपर्ने बताएका छौं,' पाण्डेयले भने, 'तर संघ र प्रदेश सरकारले हामीलाई जति सहयोगको खाँचो छ, त्यस अनुसार केही पनि गरिरहेको छैन, संघबाट विपदका लागि केही रकम आएपनि प्रदेशबाट नआएको गुनासो छ ।'

पहिरो नियन्त्रणका लागि गत आर्थिक वर्षमा बुटवल उपमहानगरपालिका र संघीय सरकारको अनुदान अन्तर्गत ४ करोड ५० लाखमा चेकड्याम, रिटर्निङ्ग वाल, बक्स कल्भर्टलगायतका जोखिम न्यूनीकरणका लागि संरचनाहरु निर्माण गरिएको छ ।

संरचनाकै कारण पहिरो रोकिएको स्थानीय अमृत खड्का बताउँछन् । 'लगातार २ वर्षदेखि यहाँ चेकड्याम, रिटर्निङ्ग वाल, बक्स कल्भर्ट बनाउने काम नगरेको भए बस्तीमा पहिरो पुगिसकेको हुन्थ्यो,' उनी भन्छन्, 'माथिबाट बगेर आएको लेदो र ढुंगाहरु हटाउन २४सैँ घण्टा एक्साभेटर राखिएको छ, प्राविधिकहरुलाई नियमित रुपमा अनुगमन भएको छ, यसैले पहिरोले त्यसरी क्षति गर्न सकेको छैन ।'

२०७८ भदौ १३ र १४ गते बुटवल उपमहानगरपालिकाको ज्योतिनगर र लक्ष्मीनगर माथिको भागस्थित चुरे क्षेत्रमा गएको ठूलो पहिराका कारण बुटवल बजार नै जोखिममा परेपछि विज्ञको टोलीले अध्ययन गरेको स्थानीयको भनाइ छ । राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको सहजीकरण र सहयोगमा समितिका सदस्य तथा भू-विपद् विज्ञहरु डा.सुस्मिता ढकाल, डा.रञ्जनकुमार दाहाल, डा.मनिता दाहाल र इ.सञ्जय देवकोटा सम्मिलित टोलीले ज्योतिनगरको माथिल्लो भागमा रहेको श्रवन डाँडा क्षेत्रको पहिराको स्थलगत अध्ययन गरेका थिए ।

अध्ययनपछि सो टोलीले तयार पारेको प्रतिवेदन अनुसार 'भिरालो जमिनमा सतही पानी र भूमिगत पानीको सही व्यवस्थापन नगरे त्यस्तो भिरालो जमिन असन्तुलित हुनपुग्छ, श्रवन डाँडाको पहिरोलाई रोकथाम गर्ने पहिलो उपाय पनि सतही पानी र भूमिगत पानीको सही व्यवस्थापन नै हो' भनिएको छ ।

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
११ भदौ २०८१, मंगलबार
27 August 2024, Tuesday

सम्पादकीय

## नगरेको गल्तीमा आइरहेको गाली

सत्ता सहयात्री शक्ति मनाउन कोशी र गण्डकी प्रदेशमा मन्त्रालय संख्या बढाउने तयारी चलिरहेको छ । कोशीमा नेकपा एमालेका नेता हिक्मत कार्की र गण्डकीमा नेपाली कांग्रेसका नेता सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री छन् । कार्कीलाई कांग्रेस मनाउनुपर्ने र पाण्डेलाई एमाले मनाउनुपर्ने बाध्यता छ । यस्तो बाध्यता प्रदेश सभाको समीकरणबाट निर्मित समस्या होइन । गण्डकीमा त पाण्डेसँग एमाले नआउँदा पनि बहुमत छ । तर संघीय सत्ता समीकरणकै निम्ति एमालेलाई सत्तामा सहभागी गराउनु मुख्यमन्त्री पाण्डेको बाध्यता हो । कोशीमा मुख्यमन्त्री कार्कीलाई परेको समस्या पनि पाण्डेकै जस्तो हो । यसअघि मधेशका मुख्यमन्त्री सतिश सिंहले मन्त्री संख्याकै कारण आलोचना खेप्नु परेको थियो । केन्द्रका नेताहरूको निर्देशनमा मुख्यमन्त्री सिंहले ८ राज्यमन्त्री सहित २० सदस्यीय मन्त्रिपरिषद् बनाएका थिए । जसको कारण उनको आलोचना भयो ।

अर्थात् संघका नेताहरूले गल्ती गर्दा दोष चाहिँ प्रदेश सभाले खेपिरहनु परेको छ । साँझसम्म मिलेर काम गरिरहेका दलहरूबीच भोलि विहानबाटै तिक्ततापूर्ण सम्बन्ध बनाउनु परेको छ । २०७४ साल यता अहिलेसम्म कुनैपनि प्रदेश सरकार प्रदेश तहकै नेताहरूको कारण बन्ने र भत्कने हुन सकेको छैन । मुख्यमन्त्री र मन्त्रीहरू सिंहदरबारले छानिरहेको छ । कसलाई समर्थन गर्ने र समर्थन फिर्ता लिने भन्ने निर्णय पनि पार्टी केन्द्रीय कार्यालयहरूबाट भइरहेको छ । प्रदेशका नेताहरूको काम केन्द्रको निर्देशन पालना गर्ने जस्तो मात्र देखिएको छ । दलभित्रै प्रदेश संसदीय दलको नेता समेत केन्द्रीय अध्यक्षको निर्देशन अनुसार चयन हुने र फेरिने प्रवृत्ति कायम छ ।

तर राजनीतिक असफलताको सम्पूर्ण दोष चाहिँ प्रदेश सभा र त्यहाँका नेताहरूले खेपिरहनु परेको छ । अहिले संघीयता सफल भयो वा भएन भन्ने कुरालाई प्रदेश सभासँग जोडेर हेर्ने गरिएको छ । संघीय सांसदले पाइरहेको मान र सम्मान प्रदेशलाई नदिने जस्तो प्रवृत्ति देखिएको छ । वडाध्यक्षले पाउने सम्मान प्रदेश सदस्यलाई नचाहिने जस्तो तर्क सुनिन्छ । जबकी गल्ती प्रदेशमा होइन, आवश्यक कानून बनाउन कञ्जुस्याइ गर्ने केन्द्रीय नेताहरूबाट भइरहेको छ । विशेषगरी राजनीतिक दल सम्बन्धी ऐनमा रहेको त्रुटिका कारणले प्रदेशका नेताहरू कमजोर देखिन्छन् । दलको नेता छान्ने, मुख्यमन्त्री, मन्त्री चयन गर्नेदेखि केन्द्रीय नेतृत्वबाट अलग हुनेसम्मको अधिकार प्रदेशलाई दिने हो भने अरू निर्णय बिस्तारै बदलिदै जानेछ । तर अहिलेसम्मको प्रवृत्ति चाहि गल्ती केन्द्रमा हुने अनि आरोप प्रदेशलाई लगाउने उल्टो निष्कर्ष निकाल्ने देखिन्छ ।

## तपाईंको राशिफल

- मेष : कार्यहरूमा सावधानी राख्नुहोस् । पदोन्नति हुने योग छ ।
- वृष : पराक्रममा वृद्धि हुनेछ । सन्तान सुख प्राप्तिको योग छ ।
- मिथुन : श्रीमतीको राम्रो सहयोग पाइनेछ । पैतृक सम्पत्तिमा वृद्धि हुनेछ ।
- कर्कट : व्यावसायिक यात्रा सफल हुनेछ । विवाद हुने योग छ ।
- सिंह : दैनिक कार्यमा प्रगति हुनेछ । खर्चमाथि नियन्त्रण जरुरी छ ।
- कन्या : प्रतिष्ठामा वृद्धि हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ ।
- तुला : विदेश यात्राको योग छ । नयाँ सम्पर्क बढ्नेछ ।
- वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ । पैतृक सम्पत्ति प्राप्तिको योग छ ।
- धनु : सम्बन्धहरूमा सुधार आउनेछ । राजकीय कार्यमा वृद्धि हुनेछ ।
- मकर : नयाँ सम्पर्क बन्ने योग छ । शुभ समाचार प्राप्त हुनेछ ।
- कुम्भ : अनावश्यक खर्च हुनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।
- मीन : राजनैतिक सहयोग प्राप्त हुनेछ । उत्साहमा वृद्धि हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# वैदेशिक रोजगार ऋण प्रवाहमा आशंका

*श्रमिकहरूमा बिना धितो ऋण प्राप्ति गर्नु खुसीको कुरा हो, हुन सक्छ । निर्णयलाई हेर्दा, सरकारले श्रमिकहरूको रेमिट्यान्सको सम्मान मान्न मिल्छ ।*
*यद्यपि, सरकारले सबैभन्दा पहिला वैदेशिक रोजगार ऐन संशोधन गरोस्, प्रदान गरिने रकमका आधारमा शुल्क निर्धारण गरोस् ।*

अग्रलेख



● श्याम नारायण मानन्धर

वैदेशिक रोजगारमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार कर्जाका लागी बैंक तथा वित्तीय संस्था वा सामाजिक सुरक्षा कोषलाई विकल्पको रूपमा लिएको छ । न्यून तथा मध्यम वर्गीय युवाहरूको समस्यालाई मध्यनजर गर्दै मन्त्रालयले वैदेशिक रोजगार कर्जा (विना धितो) उपलब्धताको योजना बनाएको देखिन्छ । मन्त्रालयले यस्तो कर्जाको रकम सिधै म्यानपावर व्यवसायीको खातामा जाने गरी न्यून ब्याजदर कर्जा उपलब्ध गराउने भनेको छ ।

मन्त्रालयले सामाजिक सुरक्षा कोष र बैंकहरूसँग अनौपचारिक रूपमा छलफल पनि गरेको बताएको छ । हुन त सरकारले श्रम बैंक स्थापनाको पनि सोच रहेको भनकै थियो । तर, हालको बजेट भाषण र मौद्रिक नीतिले गरेको व्यवस्थामा विना धितो वैदेशिक रोजगार कर्जाको बारेमा वैदेशिक रोजगारमा जाने कामदारहरूलाई सू-सूचित गराउनु मुख्य हुन्छ ।

### उद्देश्य र अपेक्षा

**पारदर्शिता ल्याउने**

कर्जा योजनाअनुसार श्रमिकले लिने कर्जा बापतको रकम बैंकबाट सिधै म्यानपावर व्यवसायीहरूको खातामा जाने हुँदा व्यवसायीहरूले तोकिएको भन्दा बढी शुल्क लिन नपाउने देखिन्छ । म्यानपावर व्यवसायीलाई जति रकम भुक्तानी गर्नुपर्ने हो, त्यति मात्र बैंकबाट व्यवसायीको खातामा जाने हुँदा रकम भुक्तानी पारदर्शिता हुन्छ र श्रमिकहरू ठगिन पाउने छैनन् । कामदारहरूले भुक्तानी गरेको रकमअनुसार सरकारले व्यवसायीहरूबाट कर पनि प्राप्त गर्ने छ ।

**कर्जाका श्रोतहरू**

सामाजिक सुरक्षाकोषमा वैदेशिक रोजगारमा जाने कामदारहरूको जम्मा रकम ठुलो मात्रामा सुरक्षित अवस्थामा छ । जसलाई लगानीको क्षेत्र र स्थान सरकारको खोजीको बिषय छ । त्यसैलाई वैदेशिक रोजगार कर्जाको लागी प्रयोगमा आउन सक्ने विकल्प पनि हुन्छ । बैंकहरूले प्रदान गर्दै आएको सहुलियत पूर्ण कर्जा अन्तरगत वैदेशिक रोजगार कर्जालाई पनि समेट्न सकिन्छ ।

**रेमिट्यान्सलाई प्रोत्साहन**

वैदेशिक रोजगार कर्जाले विप्रेषणलाई प्रोत्साहित गर्न सक्ने छ । बैंकबाट कर्जा प्राप्त गरेपछि श्रमिकको पनि बैंक प्रतिको विश्वास बढ्ने देखिन्छ ।

**श्रमिकहरूले लाभ लिन सक्ने**

पर्याप्त सूचनाहरूको अभावमा वा अभिमुखीकरण तालिममा सहभागी नहुँदा अधिकांश श्रमिकहरूले पाउनै पर्ने ज्ञान र सुविधाहरूबाट वञ्चित छन् । जस्तै : वैदेशिक रोजगार बचत पत्रमा लगानी, प्राथमिक शेयर बजारको आरक्षण कोटामा लगानी, अध्यागमन विभागको भन्सारमा गरगहनामा तोकिएको मात्रामा छुट, रोजगारीपश्चातको प्राप्त हुने व्यवसायीक कर्जा, सामाजिक सुरक्षाकोमा योगदानको आधारमा प्राप्त



हुने कर्जा, बिमा र कल्याणकारी कोषकाले गरेको व्यवस्था आदिको लाभ लिन सक्ने अवस्था छ ।

### कार्यान्वयनका अप्ठ्यारा पाटाहरू

**देशगत शुल्क**

वैदेशिक रोजगारमा जानका लागी राज्यले देश गत लागतको शुल्क तोकिदिएको छ । यस्तो अवस्थामा सरकारले फेरी ऋण दिने भन्ने घोषणा गरेको छ । यो द्वेध चरित्रसहितको कानून र व्यवहारको यो भड्खालोमा कामदारहरूले वैदेशिक रोजगार ऋण सहजै लिन सक्दैनन् । सरकारले निःशुल्क भन्ने गरेका देशहरू जस्तैः मलेसिया, दुबईमा जान कामदारहरू धेरै रकम भुक्तान दिन बाध्य छन् । यद्यपि, मलेसिया रोजगारी हाललाई त्यहाँका सरकारले स्थगन गरेको छ भने नेपाल सरकारले शून्य लागत भनेको अवस्थामा कुन कानून र नियममा रहेर कामदारहरू ऋण पाउन सक्लान् ? साउदी अरब, कतार, बहराइन जस्ता देशमा जान रु. १०,०००।- को निर्धारित शुल्कमा र युरोपका देशहरूका ७०,०००।- को शुल्कमा कामदारहरूले कति मात्रामा ऋण लिने भनी सम्बन्धित निकायमा आवेदन दिन सक्लान् ? वैदेशिक रोजगार कम्पनीहरूको साथ र सपोर्ट होला वा नहोला प्रश्नका शृङ्खला धेरै छन् । व्यवसायीहरूमा पनि आम्दानी बाँध्दा स्रोतभन्दा बढी आम्दानी भएको देखिएको भनी लेखा संस्थाको परीक्षणमा टिप्पणी उठ्न सक्दछ, जुन महालेखाको चासोको विषय हुनेछ ।

सँगै, वैदेशिक रोजगारमा जाने कम्पनीबाट म्यानपावर कम्पनीहरूले ऋण लिन भनी विदेशका कम्पनीहरूबाट माग गरिएको ग्यारेन्टी वा सहजीकरण पत्रहरूमा सपोर्ट गरेन भने वा पठाएन भने के हुन्छ ? रोजगार दाता कम्पनीले नियमित रूपमा कामदारको नेपाल स्थित बैंक खातामा रकम रकमान्तर नगरेको अवस्थामा के हुन्छ ? श्रमिकले कार्यरत कम्पनी छोडेर अन्य कम्पनीमा गएमा वा अवैध हुने अवस्था भएमा के हुन्छ ?

भवितव्य घटना वा दुर्घटना भएर नेपाल फिर्ता भए के हुन्छ ? कामदारको नियत मानै खोट भेटिए के हुन्छ ? ऋण भुक्तानीमा गरिएको बिमा सुनिश्चितताको समयअवधि पश्चात् कामदारले नवीकरण नगरे के हुन्छ ? ऋण लिएर कामदार उक्त देशको कम्पनीमा आन्तरिक कारण रोजगारमा नगएको अवस्थामा के हुन्छ ? म्यानपावर कम्पनीले असहयोग गरेको अवस्थामा के हुन्छ ?

बैंकहरूले श्रम स्वीकृतिका कागजातहरूलाई मात्र विश्वास गर्ने आधारमा ऋण असुली सम्भव छैन । बैंकहरूको विरोधाभासपूर्ण विज्ञापन (बैंकहरूले वैदेशिक रोजगार कर्जाका नाममा ऋण प्रवाह गर्दा ५० हजार बाट १लाख ५०हजार सम्म दिन सक्ने, बैंकमा जान नपर्ने मोबाइल एप्स बाटै आवेदन दिन सक्ने, जसमा ग्लोबल आई.एम.ई र प्रभु बैंक प्रतिनिधि उदाहरण) कार्यान्वयन भएको डाटा तिनीहरूको वेबसाइटमा देखिँदैन, यो क्षेत्रमा कति ऋण प्रभावकारी भयो भनेर ।

जे होस् श्रमिकहरूमा विना धितो ऋण प्राप्ति गर्नु खुसीको कुरा हो, हुन सक्छ । निर्णयलाई हेर्दा, सरकारले श्रमिकहरूको रेमिट्यान्सको सम्मान मान्न मिल्छ । यद्यपि, सरकारले सबैभन्दा पहिला वैदेशिक रोजगार ऐन संशोधन गरोस्, प्रदान गरिने रकमका आधारमा शुल्क निर्धारण होस्, त्योभन्दा महत्वपूर्ण कुरा म्यानपावर कम्पनीहरूका प्रतिनिधि, सरकारका प्रतिनिधि र ऋण प्रवाह गर्ने ऋणदाताहरूको गोलमेच छलफल र परिणाम सार्वजनिकसहितको निर्णय महत्वपूर्ण हुन्छ । श्रमिकहरू यस्ता सस्तो लोकप्रियता हैन, अक्षरशः कार्यान्वयनको प्रतीक्षामा छन् ।

संवाद



■ **देवी घर्ती**
*नगर उपप्रमुख, त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा*

# 'कानूनी सल्लाहकार नहुँदा स्थानीय तहमा न्याय निरूपणमा समस्या छ'

*संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचि छ । संविधानको धारा ५७ को उपधारा ४, धारा २१४ को उपधारा २, धारा २२१ को उपधारा २ र धारा २२६ को उपधारा १ मा स्थानीय तहको अधिकार सूचिसँग सम्बन्धित छ । सोहीबमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था गरिएको छ । अनुसूची ८ बमोजिम गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप मध्यस्थताको व्यवस्थापन गर्ने अधिकार संविधानले सुनिश्चित गरेको छ । संविधानले स्थानीय तहको अधिकार अन्तर्गत न्यायिक समितिको व्यवस्था गरेको छ । निर्वाचित उपप्रमुखहरू न्यायिक समितिको संयोजक रहने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनले गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार न्यायिक समितिलाई दुई किसिमको अधिकार रहेको, ऐनको दफा ४७ (१) ले विवादको निरूपण र दफा ४७ (२) ले मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने अधिकार दिए बमोजिम न्याय सम्पादन गर्ने गरेका छन् ।*

*कानूनी तथा न्याय सम्पादनका विषयमा कमै मात्र जानकार भए पनि न्यायिक समिति संयोजकहरूलाई न्याय सम्पादनको महत्वपूर्ण जिम्मेवारी सुम्पिएको छ । न्यायिक समितिको नेतृत्वसमेत गरिरहेका उपप्रमुखले न्याय सम्पादन गर्ने काम कत्तिको सहज छ, अनुभव के छ ? समस्या र चुनौती कस्ता छन् ?*

*सोही विषयमा डोल्पा त्रिपुरा सुन्दरी नगरपालिकाकी नगर उपप्रमुख **देवी घर्ती**सँग मध्यान्ह राष्ट्रिय दैनिकका जिल्ला संवाददाता **पूर्ण कुमार**ले कुराकानी गरेका छन् । घर्तीसँग गरिएको कुराकानीको सम्पादित अंश :*

**न्यायिक समितिमा के-कस्ता समस्याहरू आउँछन् ? न्याय निरुपण गर्न कत्तिको सजिलो छ ?**

न्यायिक समितिमा विभिन्न किसिमका विवादहरू आउने गरेका छन् । न्यायिक समितिमा अधिकांश मुद्दाहरू अंशबन्डा, साँध सधियार, जग्गा खिचलो, लेनदेन, सम्पत्ति विवाद, पति पत्नी बिचको झै-झगडा, खटपट, घरेलु हिंसा, खान लगाउन नदिएको, माना चामल तथा हेला होचो गरेका मुद्दाहरू आउने गरेका छन् ।

समाज विज्ञान बुझेको कारण राजनीति कर्मीको लागि यी कुरा जिम्मेवारीमै नभएपनि गर्ने कुरा हुन् । जुन जिम्मेवारीमै रहँदा थप सहज हुने हुन्छ । हामीले दुवै पक्षहरूको कुरा सुनेर छलफल गरी दुवै पक्षलाई जीतको अवस्थामा पुऱ्याउने अभ्यास गरेका छौं । केही अप्ठ्यारो पर्दा र जटिल प्रकारका मुद्दाहरू जिल्ला अदालतसँग समन्वय गरेर अगाडि बढेका छौं । कहिलेकाहीँ कानून अधिकृत भए काम गर्न सजिलो हुने थियो भन्ने लाग्छ ।

त्रिपुरा सुन्दरी नगरपालिकामा मेलमिलापलाई अझ व्यवस्थित गराउन सकिएको छैन । मेलमिलापकर्तालाई दिइने सेवा सुविधा, मेलमिलाप भए मात्र दिने भन्ने छ । तर, कतिपय मुद्दामा धेरै पटक छलफल गराउँदा पनि मेलमिलाप हुँदैन । त्यस्तो अवस्थाले मेलमिलाप कर्तामा निराशा हुने गर्छ । कतिपय घटनाहरू कुटपिटसँग सम्बन्धित भएकोले प्रहरीमा जाँदा तुरुन्तै सम्बोधन गरेजस्तो नहुने भएकोले त्यसलाई कसरी सम्बोधन गर्न सकिएला भन्ने हुन्छ । कतिपय पक्षहरूलाई बारम्बार बोलाउँदा नआउने, आलटाल गर्ने नगर प्रहरीलाई परिचालन गरेर ल्याउने गरेका छौं । यसले न्यायालयमा पीडितलाई सहयोग पुग्छ । स्थानीय तहमा राज्यले छुट्टै कानूनी सल्लाहकारको व्यवस्था नगरिदिँदा न्याय निरूपणमा भने समस्या देखिने गरेको छ ।

**न्याय सम्पादन गर्दा दबाब आउने गरेका छन् की छैनन् ? यदि दबाब आउने गरेका छन् भने कस्ता मुद्दामा बढी दबाब आउँछन् ?**

खास त्यस्तो दबाब आउने गरेको छैन । यदि कदम कदाचित आउने गरे पनि त्यस्ता दबाबलाई वास्ता गर्दैनौं । संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको क्षेत्राधिकारको प्रयोग गरेर समितिका तीन जना सदस्यहरूको संयुक्त निर्णयअनुसार न्याय सम्पादन गर्ने गरेका छौं । हामीले कसैलाई काखा र कसैलाई पाखा लगाउन मिल्दैन । हामीले सबै नागरिकलाई समान महत्व दिएका छौं भन्ने अनुभूति गराउनुपर्छ । हामी सोहीअनुसार अगाडि बढेका छौं ।

**नीति निर्माण, योजना, कार्यक्रम र बजेट निर्माणमा तपाईंको अनुभव कस्तो रह्यो ?**

नीति, योजना, कार्यक्रम र बजेट निर्माणका क्रममा पनि महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू, आदिवासी, जनजाति, सबै समुदायलाई समेटेर बजेट तथा कार्यक्रमहरू छुटाइएको छ । यसका लागि मेयर र अन्य जनप्रतिनिधिहरूले पनि सपोर्ट गर्नुभएको छ । अहिलेसम्म त्यत्ति ठुलो समस्या भएको छैन । सबै जनप्रतिनिधिहरू

> हामीले दुवै पक्षहरूको कुरा सुनेर छलफल गरी दुवै पक्षलाई जीतको अवस्थामा पुऱ्याउने अभ्यास गरेका छौं । केही अप्ठ्यारो पर्दा र जटिल प्रकारका मुद्दाहरू जिल्ला अदालतसँग समन्वय गरेर अगाडि बढेका छौं । कहिलेकाहीँ कानून अधिकृत भए काम गर्न सजिलो हुने थियो भन्ने लाग्छ ।

र कर्मचारी साथीहरूको पूर्ण सहयोग पाएका छौं । केही समस्या भएमा मेयरले पनि यसलाई यसरी अगाडि बढाउनुस् भनेर सिकाउनु हुन्छ । कर्मचारी साथीहरूले पनि नबुझेको कुरा सिकाउने गर्नुहुन्छ । अहिलेसम्म राम्रै छ ।

**महिलालाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार पुरुषको तुलनामा फरक छ भनिन्छ नि ?**

कहिले काहीँ त्यस्तो समस्या हुन्छ । हाम्रो समाजले महिलालाई भन्दा पुरुषलाई प्राथमिकतामा राखेको हुन्छ । यद्यपि, त्यसलाई चुनौती दिँदै अघि बढ्नु आवश्यक हुन्छ । मैले जुन राजनीतिक दलबाट प्रतिनिधित्व गरेको छु, त्यो पार्टीले पनि राम्रै सहयोग गरेको छ । विभिन्न क्षेत्रबाट पनि काम गर्ने हौसला, प्रेरणा र सहयोग पाएको छु । तर कहिलेकाहीँ त यस्ता कुरा आउन सक्छन् ।

**भौतिक विकास र मानवीय विकासलाई सँगसँगै लैजाने खालका कार्यक्रमहरू के-कस्ता छन् ? मानवीय विकास विनाको विकास अधुरो हुन्छ भन्ने विषयमा यहाँहरू कत्तिको संवेदनशील हुनुहुन्छ ?**

असाध्यै सान्दर्भिक प्रश्न । भौतिक विकासले मात्र विकास हुन सक्दैन । भौतिक विकाससँगै मानवीय विकासलाई पनि सँगसँगै लैजानुपर्छ । त्रिपुरा सुन्दरी नगरपालिकाले भौतिक पूर्वाधार विकास र मानवीय विकासलाई सँगसँगै लैजाने गरी काम गरिरहेको छ । हामीले भौतिक विकाससँगै स्थानीयलाई विभिन्न खालका क्षमता अभिवृद्धिका कार्यक्रमहरू, सीप विकासका कार्यक्रमहरू सञ्चालन गरेका छौं । अघिल्लो वर्ष पनि हाम्रो स्थानीय तहभित्रका सबै जातजाति, वर्ग समुदायको क्षमता विकासका लागि केही बजेट छुट्ट्याएर विभिन्न खालका कार्यक्रमहरू गरिएको थियो । महिलाहरूलाई कसरी उद्यमी बनाउन सकिन्छ भनेर विभिन्न खालका सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

हामीले हाम्रो स्थानीय तहको समग्र अवस्था बुझेर नीति, योजना, कार्यक्रम र बजेट विनियोजन गर्ने गरेका छौं । केही सीमितता पक्कै छन् । तथापि, त्यसलाई कसरी नागरिकमैत्री बनाउन सकिन्छ भन्ने विषयमा नगरपालिका परिवारसँग बारम्बार छलफल गरेर स्थानीय तहमा बस्ने सबै नागरिकहरू महिला, बालबालिका, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू ज्येष्ठ नागरिकहरू सबैको अर्थपूर्ण सहभागिता हुने गरेर काम गरेका छौं । यहाँले भनेजस्तै बाटो र माटोमा मात्रैको लगानीले समृद्धि आउँदैन । त्यसमा हामी संवेदनशील भएर अगाडि बढेका छौं ।

# इजरायलका नयाँ शर्तहरू अमान्य : हमास



**काठमाडौं/एजेन्सी–** हमासले युद्धविराम सम्झौताका लागि इजरायलले राखेका 'नयाँ शर्तहरू' आफूहरूलाई अमान्य भएको भन्दै हमासको प्रतिनिधिमण्डल वार्ताबाट पछि हटेको छ । जुलाई-२ मा अमेरिकाद्वारा प्रस्तावित र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्‌बाट अनुमोदित प्रस्तावमा मात्र वार्ता गर्न सकिने भन्दै हमासको वार्ताका लागि इजिप्टको कायरोमा रहेको प्रतिनिधिमण्डल त्यहाँबाट बाहिरिएको सिएनएनले जनाएको छ ।

वार्ताका लागि मध्यस्थकर्तासँग भेट गरेपछि हमास प्रतिनिधिमण्डल आइतबार कायरोबाट प्रस्थान गरेको हो । गाजा युद्धको एक पक्षको प्रतिनिधित्व गरेको हमासको प्रतिनिधिमण्डलले वार्तास्थल छोडेपछि युद्ध अन्त्य गर्ने अमेरिकालगायतका मध्यस्तकर्ताको युद्ध विराम सफलताको सम्भावनामा थप जटिलता आएको छ ।

हमासले अमेरिकी राष्ट्रपति बाइडेनको खाका र सुरक्षा परिषद्‌को प्रस्तावको आधारमा गरिएको जुलाई-२ को सम्झौतामा मात्र सहमत हुने दावी गरेको हमासको राजनीतिक ब्युरोका सदस्य इज्जात अल-रिस्कले विज्ञप्तिमार्फत जानकारी दिएका छन् ।

अल-रिस्कले सम्झौतामा स्थायी युद्धविराम, गाजा पट्टीबाट पूर्णरूपमा सेना फिर्ता, बासिन्दालाई आफ्नो क्षेत्र फर्कने स्वतन्त्रता, राहत तथा पुनर्निर्माणलगायतका विषय समावेश हुनुपर्नेमा जोड दिए ।

गत हप्ता हमासका वरिष्ठ अधिकारी ओसामा हमदानले अल अक्सा टिभीसँगको कुराकानीमा इजरायलले सम्झौता स्वीकार्नका लागि नयाँ शर्तहरू तय गरेको र पहिलेका कुरा फिर्ता लिएको भन्दै नयाँ शर्त आफ्नो समूहका लागि मान्य नहुने बताएका थिए ।

हमदानका अनुसार नयाँ शर्तहरूमा इजिप्टसँगको सिमानामा रहेको पट्टी फिलाडेल्फी कोरिडोरमा इजरायली सेनाको पुनःस्थापना र इजिप्टसँगको रफाह सीमापारका लागि गैर-प्यालेस्टिनी व्यवस्थापनसमेत समावेश थियो । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले 'नयाँ मागहरू' थपी वार्ताको प्रगतिको बाधक बनेको हमासको दाबी छ । यसैबीच नेतान्याहूले सम्झौता भए पनि हमासविरुद्धको 'पूर्ण विजय' नभएसम्म गाजामा युद्ध जारी रहने कुरामा जोड दिएका छन् । हमासले गत वर्ष अक्टोबरमा इजरायलमा एक्कासी गरेको आक्रमणमा कम्तीमा एक हजार २०० जनाको मृत्यु भएको थियो भने करिब २५० जनालाई बन्धक बनाएको थियो । बदलामा इजरायलले शुरू गरेको सैन्य कारबाहीमा ४० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ ।

यसैबीच, हमास निकट समूहविरूद्धको कारबाहीस्वरूप इजरायलले शुरू गरेको अभियानमा लेबनानका ४० भन्दा बढी प्रक्षेपण क्षेत्रमा आक्रमण गरिएको जनाएको छ । आइतबार इजरायली सेनाले आफ्नो लडाकु विमानले उत्तरी र मध्य इजरायललाई लक्षित गरी हिजबुल्लाह समूहले पठाएका हजारौं रकेट लन्चरलाई लेबनानको दक्षिणी सिमानामा आक्रमण गरेको जनाएको थियो ।

'करिब १०० आईएएफ लड़ाकू विमानले दक्षिणी लेबनानमा रहेका हजारौं हिजबुल्लाह रकेट लञ्चर ब्यारेलमा आक्रमण गरी नष्ट गरिएको छ,' इजरायली सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

तीमध्ये अधिकांश उत्तरी इजरायलतर्फ लक्षित थिए भने केही मध्य इजरायलतर्फ लक्षित थिए । हिजबुल्लाह समूहको आक्रमणपछि शनिबार इजरायलले लेबनानसँगको बढ्दो तनावबीच ४८ घण्टाका लागि संकटकाल घोषणा गरेको थियो ।

# थाइल्यान्डमा बाढीबाट २२ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** थाइल्यान्डमा व्यापक मनसुनी वर्षाका कारण आएको बाढीबाट हालै दिनहरूमा २२ जनाको मृत्यु भएको छ । प्रकोप व्यवस्थापन अधिकारीहरूले सोमबार यो साता अचानक बाढी आउने चेतावनी दिएका छन् । विपद् रोकथाम तथा न्यूनीकरण विभागले पछिल्लो १० दिनमा १३ प्रान्तमा अन्य १९ जना घाइते भएको र ३० हजारभन्दा धेरै घर प्रभावित भएको विज्ञप्तिमा जनाएको छ ।

गत साता थाइल्यान्डको लोकप्रिय रिसोर्ट टापू फुकेटको एक आवासीय क्षेत्रमा पहिरोमा परी मृत्यु हुनेहरूमा एक रुसी दम्पतीसहित १० जना रहेका छन् । विभागले राज्यको उत्तर र उत्तरपूर्वका ३१ प्रान्तमा बिहीबारसम्म सम्भावित बाढीको सामना गरिरहेको पनि चेतावनी दिएको छ । 'विभागले स्थानीय अधिकारीहरूलाई मौसमको नजिकबाट अनुगमन गर्न तथा टोली र उपकरणहरूलाई तयार राख्न आदेश दिएको छ', विज्ञप्तिमा भनिएको छ, 'मानिसहरूले पनि मौसमको पूर्वानुमानको पालना गर्नुपर्छ र चेतावनीहरूलाई गम्भीरतापूर्वक लिनुपर्छ ।'

बैंकमा स्थानीय अधिकारीहरूले सहरका बाहिरी क्षेत्र र नदी किनारका बासिन्दाहरूलाई आफ्नो सामान उच्च स्थानमा लैजानका लागि तयार रहन चेतावनी दिएका छन् । नाखोन रत्चासिमाको पाक चोङ जिल्लामा निर्माणाधीन उच्चगतिको रेल सुरुङमा माटो खसेपछि सोमबार दुई चिनियाँ नागरिक र एक म्यान्मालीसहित तीन मजदुर पनि बेपत्ता भएका छन् । थाइल्यान्डमा वार्षिक मनसुनी वर्षा हुने गरे पनि मानव निर्मित जलवायु परिवर्तनले अधिक तीव्र मौसमी ढाँचाहरू निम्त्याउँदा विनाशकारी बाढीलाई अझ बढी सम्भावित बनाउन सक्छ ।

# सदाचार कानून सौम्यताका साथ लागू हुन्छ : तालिबान



**काठमाडौं/एजेन्सी–** अन्तर ाष्ट्रिय समुदाय र अफगानहरूले नयाँ प्रतिबन्धहरूप्रति चिन्ता व्यक्त गरेपछि हालै अनुमोदन गरिएको सदाचार कानून 'सौम्यता'का साथ लागू हुने अफगानिस्तानका तालिबान अधिकारीहरूले सोमबार बताएका छन् । न्याय मन्त्रालयले बुधबार घोषणा गरेको ३५ दफाको कानूनअनुसार महिलाहरूले आफूलाई पूर्णरूपमा ढाक्नु पर्छ र सार्वजनिक रूपमा आफ्नो आवाज उठाउनु हुँदैन । कानूनले पुरुषको लुगा र दाह्री लम्बाइका नियमका साथै समलैङ्गिकता, जनावरहरूको लडाइँ, सार्वजनिक र गैर-मुस्लिम बिदाहरूमा संगीत बजाउन प्रतिबन्धसहित व्यवहारदेखि पहिरन र सामाजिक अन्तरक्रियाहरू सम्मका व्यापक नियमहरू लागू गर्दछ ।

'मैले यी नियमहरू लागु गर्दा बल र दमन प्रयोग गरिने छैन भन्ने स्पष्ट पार्नुपर्छ,' सरकारका उपप्रवक्ता हमदुल्लाह फित्रातले एएफपीसँग साझा गरेको मौखिक सन्देशमा भने, 'नियमहरूलाई विस्तारै लागु गरिनेछ, मानिसहरूलाई यसको जानकारी दिइनेछ र उनीहरूलाई मार्गदर्शन गरिनेछ ।'

तालिबान सरकारले महिलामाथि लगाइने प्रतिबन्धको निन्दासहित आफ्ना नीतिहरूको अन्तर्राष्ट्रिय आलोचनालाई निरन्तर रूपमा खारेज गर्दै आएको छ । यसलाई संयुक्त राष्ट्रसंघले लैङ्गिक रङ्गभेद भनेको छ ।

अफगानिस्तानमा राष्ट्रसंघीय सहायता मिशनका प्रमुख रोजा ओतुनबायेवाले कानूनलाई 'अफगानिस्तानको भविष्यको लागि दुःखदायी दृष्टिकोण' भनेका छन् ।

# इरानद्वारा इजरायलमा हिजबुल्लाहको आक्रमणको प्रशंसा



**काठमाडौं/एजेन्सी–** इरानले सोमबार लेबनानको हिजबुल्लाह समूहद्वारा इजरायलमा ड्रोन र मिसाइल आक्रमणको प्रशंसा गरेको छ । इरानले उसको कट्टर दुश्मन इजरायलले बढ्दो क्षेत्रीय तनावका बीच यस्ता आक्रमण रोक्ने क्षमता गुमाएको बताएको छ ।

हिजबुल्लाह नेता हसन नसरल्लाहले आइतबार तेहरान समर्थित समूहले 'गिलोट बेस-मुख्य इजरायली सैन्य गुप्तचर आधार'लाई निशाना बनाउँदै इजरायलमाथि ठूलो मात्रामा आक्रमण गरेको बताएका थिए । इजरायली सेनाले प्रतिष्ठानमा कुनै प्रहार नभएको बताएको छ ।

'यहुदी शासन लेबनानी हिजबुल्लाह अभियानका सम्बन्धमा केही तथ्यलाई लुकाउन, विकृत गर्न वा सेन्सर गर्न सक्षम हुनसक्छ तर विद्यमान तथ्य परिवर्तन हुँदैन भन्ने उसलाई राम्ररी थाहा छ,' इरानको विदेश मन्त्रालयका प्रवक्ता नासिर कनानीले सामाजिक सञ्जाल एक्समा भने, 'इजरायली आतङ्कवादी सेनाले आफ्नो प्रभावकारी आक्रमण र निवारक शक्ति गुमाएको छ र अब उसले रणनीतिक आक्रमणहरू विरुद्ध आफ्नो रक्षा गर्नुपर्दछ ।'

कनानीले हिजबुल्लाहको आक्रमण 'कब्जा गरिएका क्षेत्रहरूमा गहिराइसम्म फैलिएको' र इजरायलको क्षतिका लागि 'रणनीतिक सन्तुलनमा आधारभूत परिवर्तन' भएको बताए । उनले इजरायलका लागि 'व्यापक' समर्थन गरेकामा संयुक्त राज्य अमेरिकाको पनि आलोचना गरे । अमेरिका हिजबुल्लाहको कार्यका लागि 'समय र स्थानको भविष्यवाणी' गर्न असफल भएको थियो ।

संसदका सभामुख मोहम्मद बाघेर गालिबाफले आइतबार उक्त आक्रमणको तुलना हिजबुल्लाहसँग सन् २००६ को युद्धमा इजरायली सेनाको 'हार'सँग गरे । 'इजरायली शासनको आजको हार सन् २००६ को अपरेसनमा हार जत्तिकै थियो र उसले यो हारलाई लुकाउन सक्दैन,' उनले एक्समा पोस्ट गरे ।

इजरायलले आइतबार लेबनानमा हवाई आक्रमण गरेको भन्दै हिजबुल्लाहका 'हजारौं' रकेट लन्चरलाई नष्ट गरेको र ठूलो आक्रमणलाई विफल बनाएको बताएको छ । टेलिभिजनमा प्रसारित सम्बोधनमा नसरल्लाहले आफ्नो समूहले दुई चरणमा आक्रमण गरेको बताए । पहिलो उत्तरी इजरायल र ११ सैन्य स्थानमा र गोलान हाइट्समा '२४० कत्युशा रकेट' प्रक्षेपण गरिएको थियो ।

अक्टोबर ७ मा प्यालेस्टिनी सहयोगी हमासको आक्रमणसँगै गाजामा युद्ध सुरु भएपछि हिजबुल्लाह लडाकुहरूले इजरायलसँग सीमापार दैनिक गोलीबारी गरेका छन् । तेहरानमा हमासका राजनीतिक प्रमुख इस्माइल हानिया र बेरुतमा हिजबुल्लाहका कमान्डर फआद शुक्रको हत्यापछि व्यापक क्षेत्रीय द्वन्द्वको त्रास बढेको छ ।

इरान र उसको सहयोगी हमास तथा हिजबुल्लाहले दुवै हत्यामा इजरायलको हात रहेको आरोप लगाएका छन् र बदला लिने वाचा गरेका छन् । इजरायलले हानियाको हत्याप्रति कुनै टिप्पणी गरेको छैन तर शुक्रमाथि आक्रमण गरेको पुष्टि गरेको छ ।


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस GOLDEN ARCHIVERS INTERNATIONAL PVT. LTD. इजाजत पत्र न. (१५३३/०७८/०७९) मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | Ansu Poudel | Documentation | 05-02-73-01741 |
| २. | Jyoti Rai | Receptionist | 12-01-73-06343 |
| ३. | Sujana Tamang | Receptionist | 30-01-76-09984 |
| ४. | Bikash Rai | Accounted | 53413/4117 |
| ५. | Man Kumar Rai | Labor Representative | 14-01-72-03187 |
| ६. | Lal Maya Tamang | Marketing Manager | 137669 |

Golden Achivers International Pvt.Ltd.
Basundhara Chauki Kathmandu, Tel: 01-5914478,01-5919381.
Email: info@goldenach.com, web:www.goldenach.com
श्रम इजाजत पत्र नं.: १५३३/०७८/०७९



## Saudi मा रोजगार — East Al Qafila Laundry For Washing Furniture.

पूर्व स्वीकृती मितिः २०८१/०५/१० चलानी नं.: ६०२२४१३२ LT 309332

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaning Staff | 1 | काममा दक्ष | 1000 | ३५,२६२१/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,०००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ भाद्र १८ गते (03 Sep., 2024) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

एसिया प्यासिफिक रिक्रुटमेण्ट सर्भिस प्रा. लि. श्रम ई.नं.: ५१२/०६१/०६२
बसुन्धारा, काठमाण्डौ, फोन : ४३६०५९८, ९८५१०६७६६३, Email : uddabg2@gmail.com



## कतारमा रोजगार

कम्पनी: Team Twenty Twenty Two Trading Contracting & Services शहर:DOHA

पूर्व स्वीकृत मितिः २०८०/०३/१५ चलानी नं.: ६०२०४०५१ LT. No.: 288729 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Worker | 3 | 0 | | 1000 | ३६७३० | | | | | | | |
| 3. | Carpenter | 4 | 0 | | 1200 | ४४०७६ | | | | | | | |
| 4. | Decor Woodworker | 7 | 0 | | 1800 | ६६११४ | | | | | | | |
| 5. | Gypsum Technician | 1 | 0 | | 1200 | ४४०७६ | | | | | | | |
| 6. | Electrician (Gen.) | 1 | 0 | | 1200 | ४४०७६ | | | | | | | |
| 7. | Plaster Worker | 1 | 0 | | 1200 | ४४०७६ | | | | | | | |
| 8. | Ceramic Worker | 1 | 0 | | 1200 | ४४०७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १८ गते (3 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुलक |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Paragon H.R. Management Pvt. Ltd.
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com
Govt.Lic.No. 1519/074/075



## साउदीमा रोजगार

कम्पनी: AL-RAI AL-MUMAYAZ COMPANY FOR OPERATION AND MAINTENANCE शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८०/११/२० चलानी नं.: ६०२१५९३३ L.T. No.:301016 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 44 | 0 | स. काममा दक्ष | 1000 | ३५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १८ गते ( 3 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.:०१–४९८८८०८,४९७९४४४,४९७९५५५,४९७९६६६
फ्याक्सः ४३८१११७ मो. 9801001144/9810201278
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com
श्रम इजाजत नं. ५२३/०६१/०६२



## यूएईमा रोजगारको अवसर

कम्पनी : MAJAN PRINTING & PACKAGING COMPANY LLC शहर : RAS AL KHAIMAH

पूर्व स्वीकृत मितिः २०८०/११/२० चलानी नं: ६०२१५८४१ L.T. No.:300896 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 25 | 0 | | 800 | २९,१८४ | | | | | | | |
| 3. | Machine Operator | 25 | 0 | | 1200 | ४३,७७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १८ गते (3 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Hope International (P) Ltd.
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9818943149
Email: Info@hopeintlnepal.com, Website: www.hopeinternational.com.np
License No: 857/066/67
For Location



## साउदीमा रोजगार

कम्पनी: SHAMS MEDICAL COMPLEX शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०८१/०१/१४ चलानी नं.: ६०२१८७७६ LT. No.: 303941 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nursing Technician | 0 | 2 | स. काममा दक्ष | 3000 | १०७,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १८ गते ( 3 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com



## KUWAIT मा रोजगार

कम्पनी : United Foodstuff Industries Group Co. K.S.C.C शहर:KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०८/३ चलानी नं.: ६०२०२४५७ LT. No.: 295384 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 85 | ३७३६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 10 | 0 | | 150 | ६५९३२ | | | | | | | |
| 3. | Packing Labor | 16 | 18 | | 120 | ५२७४६ | | | | | | | |
| 4. | Sales Staff | 9 | 9 | | 120 | ५२७४६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २३, २४, २५ र २६ गते ( 8, 9, 10 & 11 September 2024) मा हुनेछ ।।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७
९८१८०४७४४३, ९८५१०२३५५४, ९८५११२७०६३, ९८५११८६१२५, ९८५१०१२१०२
E-mail: threebrothershrrec@gmail.com
Itahari Branch Contact: 9800927950
श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५



## JORDAN मा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-MANAL FOR RECRUITMENT AND MANPOWER SUPPLY शहर: AMMAN

पूर्व स्वीकृत मितिः २०८०/०५/१२ चलानी नं.: ६०२०६९८९ LT. No.: 291755 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/ Housemaid | 0 | 42 | स. काममा दक्ष | 300 | ४०,१७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ भदौ १८ गते (3 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुलक |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

CROWN OVERSEAS CONSULTANCY PVT. LTD.
Chhetra Bikram Marga, Kathmandu | Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com
Gov. License No.: 225/058/059



## यूएईमा रोजगारको अवसर

कम्पनी : ARMED FORCE OFFICERS CLUB & HOTEL LUXURY 5 STAR HOTEL शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०८/०२ चलानी नं.: ६०१९१५६२ L.T. No.: 275965 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barman/bartender | 15 | 15 | सम्बन्धित काममा दक्ष | 1900 | ६९,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chamberman/chambermaid(Room Attendent) | 30 | 40 | | 800 | २९,१६८ | | | | | | | |
| 3. | Commis Chef | 30 | 30 | | 1500 | ५४,६९० | | | | | | | |
| 4. | Kitchen Helpers | 20 | 10 | | 800 | २९,१६८ | | | | | | | |
| 5. | Steward (Steward/stewardess Restaurant) | 30 | 30 | | 800 | २९,१६८ | | | | | | | |
| 6. | Waiter/waitress | 35 | 40 | | 1300 | ४७,३९८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १८ गते (3 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABTOOR INTERNATIONAL PVT. LTD.
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Tel: 01-4973377, 4983377 Mob.: 9801059911, 9801059988, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com
Govt. Lic. No. 1147/073/74

# बक्स अफिस समाचार

# चलचित्र 'हन्टर' निर्माण घोषणा, अरुण मुख्य भूमिकामा



काठमाडौं/मस- श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर चलचित्र 'हन्टर' निर्माण घोषणा गरिएको छ । निर्माण पक्षले सोमबार नायकबाहेक काष्ट एन्ट क्रु गोप्य राख्दै नाम मात्रै घोषणा गरेको हो । जीवन सिंहले यो चलचित्रलाई निर्देशन गर्नेछन् । उनको यो डेब्यु चलचित्र हो ।


चलचित्रको मुख्य भूमिका (नायक)मा अरुण क्षेत्री रहनेछन् । उनले 'महापुरुष', 'प्रेमा', 'ज्याकी आईएम २१'लगायत चलचित्रमा काम गरिसकेका छन् । अन्य कलाकारबारे केही दिनपछि जानकारी गराइने बताइएको छ ।

क्याच कुक इन्टरटेनमेन्ट प्रा.लि.को प्रस्तुतिमा निर्माण हुने चलचित्रले सुदूरपश्चिमको कथा भन्ने निर्माणपक्षले जनाएको छ ।

चलचित्र एक्सन इन्टरटेनर हुने निर्देशक सिंहले बताएका छन् । 'चलचित्र हन्टर रियल पात्रको कथाबाट इन्स्पायर हो । तर हामी सिनेम्याटिक लिवर्टी लिएर कथा भन्ने छौं,' उनले भने, 'रियल पात्रको कथामा फिक्सन मिसाइनेछ । जसले सिनेमालाई रोचक र रमाइलो बनाउनेछ ।'

चलचित्रमा पिक एजुकेसन नेटवर्क र ट्राइडेन्ट कन्सेप्टको सहकार्य रहनेछ । चलचित्रको प्रि-प्रोडक्सनको काम भइरहेको छ । चलचित्रको छायाँकन पश्चिम नेपालमा हुनेछ ।

# वृत्तचित्र 'गर्ल्स रिराइटिङ डेस्टिनी'को विशेष प्रदर्शनी




काठमाडौं/मस- सिन्धुपाल्चोकको गञ्जला चुली आरोहण गर्ने २७ जना महिलाको उल्लेखनीय प्रयास समेटेर बनाइएको वृत्तचित्र 'गर्ल्स रिराइटिङ डेस्टिनी' प्रदर्शन गरिएको छ । विश्व समावेशी साहसी संस्थाको आयोजनामा आज यहाँ आयोजित विशेष कार्यक्रममा वृत्तचित्र प्रदर्शन गरिएको हो । वृत्तचित्रमा सीमान्तकृत पृष्ठभूमिबाट आएका महिलाको प्रेरणादायी यात्रालाई समेटिएको छ ।

दक्षिण-पूर्वी मोहडाबाट पहिलोपटक गञ्जला चुली छुने प्रयासमा अनुभवी सगरमाथा आरोही माया गुरुङ र उनको टिमले गरेको प्रयासलाई ३४ मिनेटको वृत्तचित्रमा वर्णन गरिएको छ । यस्तै सिन्धुपाल्चोकका महिलाले सामना गर्नुपरेका कठिनाइ र विजयलाई चित्रण गरिएको छ ।

वृत्तचित्र प्रदर्शनीपछि सिन्धुपाल्चोक वरपरका हिमाल र माया गुरुङले पर्वतारोहणमा गरेका प्रयासबारे चर्चा गरिएको थियो । प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा राणाले वृत्तचित्र राष्ट्रको अवस्थाप्रति निराश बन्दै गएका नेपाली युवाका लागि आशा र प्रेरणाको ज्योति बनेको उल्लेख गरिन् । उनले पर्यटनमा महिला रोजगारीको महत्वलाई जोड दिएकी थिइन् ।

वरिष्ठ पत्रकार कनकमणि दीक्षितले दिगो पर्यटन, वातावरण संरक्षण र महिला सशक्तीकरणमा पर्वतारोही गुरुङको योगदानको प्रशंसा गरे । मेलम्ची नगरपालिका प्रमुख आइतमान तामाङ, उपप्रमुख उमा प्रधान, पाँचपोखरी थाङपाल गाउँपालिका उपप्रमुख सुनिता अधिकारी, प्रा चिरञ्जीवी खनाल, मोहन श्रेष्ठ, प्रदीपकुमार उदय, हरि थापा, प्रदीप पोखरेल, ओमकृष्ण प्रसाईं, उत्तम केसी, सुमन रिमाल, माधवप्रसाद तिवारीलगायतको उपस्थिति थियो ।

कार्यक्रममा आरोहीहरूको उपलब्धि मात्र नभइ नेपालमा महिला सशक्तीकरण र पर्वतारोहणका लागि उनीहरूले गरेका प्रयासको प्रशंसा गरिएको थियो । नेपाल पर्वतारोहण संघले गञ्जला चुली आरोहण गर्ने महिला आरोहीलाई उनीहरूको उपलब्धिको कदर गर्दै प्रमाणपत्र प्रदान गरेको थियो ।

वृत्तचित्रलाई अनुभवी फिल्मकर्मी लव प्याकुरेलले निर्देशन र सम्पादन गरेका हुन् । उनले वृत्तचित्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्र महोत्सव र अन्य सान्दर्भिक मञ्चमा प्रदर्शन गर्ने योजना रहेको सुनाए । रमेश धमला, देवु राजवंशी र मनमाया तामाङको छायाँकन रहेको वृत्तचित्रमा 'भिएफएक्स' मानबहादुर थापा र 'कलर ग्रेडिङ' अच्युत बजगाईंले गरेका छन् ।

# एकै मञ्चमा मिलापका दुई कार्यक्रम




काठमाडौं/मस- मिलाप मासिकको आयोजनामा एक साथ 'धमिलो प्रकाश' र 'तेस्रो मिलाप तिज उत्सव' हार्दिक होटलको सभाहलमा सम्पन्न भएको छ । साहित्यकार राधा भण्डारीको दोस्रो उपन्यास 'धमिलो प्रकाश' विशेष समारोहबीच साहित्यकार एवम् वरिष्ठ पत्रकार प्रा.पुरुषोत्तम दाहलको प्रमुख आतिथ्यतामा लोकार्पण गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि प्रा.दाहाल, महाकाव्यकार खेमनाथ दाहाल, साहित्यकार हरि अधिकारी, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, उर्जाविद् कृष्ण भण्डारी, वरिष्ठ कलाकार लय संग्रौला, सर्जक राधा भण्डारीलगायतले उक्त कृतिको संयुक्तरुपमा लोकापर्ण गरेका थिए ।

साहित्यकार हरि अधिकारीको सभापत्विमा भएको कार्यक्रममा मिलाप पब्लिकेशका कृष्ण भुसालले स्वागत मन्तव्य राखेका थिए भने स्रष्टा भण्डारीले लेखकीय भनाइ राखेका थिए ।

त्यसैगरी वरिष्ठ गायिका देविका वन्दनाको प्रमुख आतिथ्यतामा सम्पन्न तेस्रो मिलाप तिज उत्सवको सभापतित्व मिलाप फाउण्डेशनकी अध्यक्ष गीता अधिकारीले गरेकी थिइन् । 'भाषा, साहित्य, कला संस्कृति र मौलिकताको संरक्षण तथा सम्वर्द्धन गरौं' भन्ने मूल नाराका साथ सम्पन्न भएको सो अवसरमा यमकुमारी कला सम्मान २०८१ बाट महिला द्वन्द्व निर्देशक किरण दाहाल, साहित्यकार राधा भण्डारी, रंग पत्रकार सवी कार्की खड्का, मेकअप आर्टिष्ट सञ्जु ढकाल, गायिका सुमी पराजुली, गायिका सरिता थापामगर (तोककुमारी मगर) र ट्याटु आर्टिष्ट सुनिता कुँवरलाई तिज मिलाप सम्मान अर्पण गरिएको थियो भने विभिन्न श्रष्टालाई मायाको चिनो प्रदान गरिएको थियो ।

समारोहमा कलाकार सरिता राजउपाध्याय, नायिका सानिया खान गायिका मञ्जु लावती, निर्माता रोशनी केसी, गायिका रानु निरौला, कलाकार गीता थापा, नम्रता खरेललगातका व्यक्तित्वको उपस्थिति थियो । सो अवसरमा तिजको दर खानुका साथै दिदीबहनीहरूले गीता अधिकारीको तिज गीत 'बजाउँदै चुरा'को तालमा छमछमी नाचेका थिए भने कार्यक्रमलाई सञ्चारकर्मी रिना श्रेष्ठले सहजीकरण गरेकी थिइन् ।


## कतारमा रोजगार

कम्पनी : GLOW SHINE TRADING CONTRACTING & SERVICES
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०८०/०४/१८ चलानी नं.: ६०२०५५५५ L.T. No.: 290305 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 7 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९१८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 25 | 0 | | 1000 | ३६७३० | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1100 | ४०४०३ | | | | | | | |
| 4. | Reinforce Fitter | 2 | 0 | | 1100 | ४०४०३ | | | | | | | |
| 5. | Plumber | 6 | 0 | | 1100 | ४०४०३ | | | | | | | |
| 6. | Mason | 5 | 0 | | 1100 | ४०४०३ | | | | | | | |
| 7. | Brick Mason | 1 | 0 | | 1100 | ४०४०३ | | | | | | | |
| 8. | Palster Worker | 1 | 0 | | 1100 | ४०४०३ | | | | | | | |
| 9. | Black Smith | 1 | 0 | | 1100 | ४०४०३ | | | | | | | |
| 10. | Building Worker | 2 | 0 | | 1000 | ३६७३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १८ गते (3 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

प्रोग्रेसिभ प्लेसमेन्ट सर्भिसेज नेपाल प्रा. लि.
Lic. No.: 782/065/066
PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958, Mob.: 9841597085
Email:progressiveplacementnepal@gmail.com, website:http://www.progressivenepal.com.np



## कुवेतमा रोजगार

कम्पनी: LAHORE RESTAURANT KUWAIT
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/०८/०७ चलानी नं.: ६०२१०४०१ LT. No.:295184 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 3 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६१,५३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 2 | 0 | | 120 | ५२,७४६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १८ गते (3 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

